३७ औं
वार्षिकोत्सव

ऋण लगानीमा पूर्वाधार
समृद्ध नेपालको आधार

# वार्षिक प्रतिवेदन
# (२०८०/८१)

नगर विकास कोष

**सम्पर्क**

## नगर विकास कोष

नयाँ बानेश्वर, काठमाडौं
पो. ब. न. ५१४४

**टेलिफोन नं.**

०० ९७७ १ ४५९३८६६
०० ९७७ १ ४५६४८७४
०० ९७७ १ ४५८४९५७

**इमेल** : tdf@tdf.org.np

**वेब** : www.tdf.org.np

**सामाजिक सञ्जाल**
facebook.com/Town Development Fund-TDF

**सम्पादक मण्डल**

सृजना खड्का
इ. नविन तिवारी
इ. राकेश सिग्देल
राम छुस्याकी
अनिता शर्मा
प्रतिकराज तिमसिना
मधु सुवेदी
बविता पौडेल

**प्रकाशक**

नगर विकास कोष

**विमोचन मिति**

२०८१/११/०२

# नगर विकास कोष ऐन, २०५३ को दफा २८ (२) बमोजिम प्रकाशित वार्षिक प्रतिवेदन

# विषय सूची


१. कोषको परिचय १

१.१ पृष्ठभूमि १

१.२ कोषको दूरदृष्टि (Vision) २

१.३ कोषको ध्येय (Mission) २

१.४ कोषको मूल मान्यता (Core Value) २

१.५ कोषको उद्देश्य २

१.६ कोषको मुख्य मुख्य काम कर्तव्य र अधिकार २

१.७ कोषको ऐन/नियम/विनियमावली/निर्देशिकाहरू ३

१.८ कोषको रणनीति ३

१.९ कोषको लगानीका क्षेत्र र आयोजनाको किसिम ३

१.१० कोषको सेवाग्राही ४

१.११ कोषको ऋण लगानीका विधि ४

१.१२ ऋण आवेदन प्रक्रियाका लागि आवश्यक कागजात (Documents for Application): ५

१.१३ लगानीका स्रोत ५

१.१४ ऋण असुलीसम्बन्धी व्यवस्था ५

२. आ.व. ०८०/८१ मा कोषद्वारा सञ्चालित कार्यक्रमहरूको प्रगति समीक्षा ८

२.१ नगर विकास कार्यक्रम (Town Development Program) ८

२.२ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Development Project–UIDP) ९

२.३ शहरी खानेपानी तथा सरसफाइ (क्षेत्र) आयोजना
(Urban Water Supply and Sanitation Sector Project –UWSSSP) १२

२.४ खानेपानी तथा सरसफाइ कार्यक्रम (सहलगानी) १६

२.५ नयाँ कार्यक्रम १९

२.६ वैदेशिक सहायताअन्तर्गतका प्रस्तावित कार्यक्रम २०

३. नगर विकास कोष र अन्तर्राष्ट्रिय सङ्घ-संस्थाको सहकार्यमा सञ्चालित कार्यक्रमहरू

३.१ नगरपालिका वित्त तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम २१

३.२ संयुक्त राष्ट्र पुँजी विकास कोषसँगको सहकार्य (United Nations Capital Development Fund) २३

३.३ हरित जलवायु कोष (Green Climate Fund) २३

४. संस्थागत विकास, व्यवसाय प्रवर्द्धन तथा जनशक्ति व्यवस्थापन २५

४.१ संस्थागत विकास तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमतर्फ २५

४.२ जनशक्ति व्यवस्थापनतर्फ २६

४.३ अनुसन्धान तथा विकास २७

५. अनुगमन तथा मूल्याङ्कन २८

६. कोषको वित्तीय अवस्था ३०

६.१ ऋण तथा अनुदान लगानी ३०

६.२ ऋण असुली ३०

६.३ ऋण भुक्तानी ३०

६.४ आम्दानी ३१

६.५ कुल सञ्चालन खर्च ३१

६.६ बचत ३१

६.७ पुँजी वृद्धि ३१

७. नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० ३२

८. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलापहरू ३९

प्रधानमन्त्री

काठमाडौं, नेपाल ।



**शुभकामना**

नगर विकास कोष आफ्नो स्थापनाको ३७औं वर्ष प्रवेशको सुखद् अवसरमा कोषका सञ्चालक, कार्यकारी निर्देशक तथा सबै कर्मचारीहरुमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

शहरी पूर्वाधार निर्माण तथा विकासमा दीर्घकालीन ऋण लगानीसहित वैकल्पिक वित्तीय उपकरण परिचालन गरी देश विकासमा नगर विकास कोषले पुऱ्याएको योगदानको म प्रशंसा गर्न चाहन्छु । शहरी विकासका बहुआयामिक पक्षलाई मध्यनजर गर्दै कोषले आगामी दिनमा व्यवस्थित शहरी विकासका लागि स्रोत परिचालन गर्नु पर्नेछ । व्यवस्थित शहरीकरण तथा भौतिक पूर्वाधारमा हामीले गति बढाउन् पर्ने बेला आएको छ । सरकारले अहिले भौतिक पूर्वाधार विकाससँगै समाजको सुप्रबन्धलाई अगाडि बढाइरहेको छ ।

हामी विकास निर्माणमा केन्द्रित छौं, सँगसँगै विकास निर्माणमा मात्रै होइन, वातावरणको संरक्षणको सन्दर्भमा पनि अत्यन्तै सजग छौं । व्यवस्था बदलियो, अवस्था बदलिएन भन्ने एउटा गलत भाष्य प्रचारित भएको छ, त्यस्तो होइन । यी केही वर्षहरुमा वा यो एक दशकमा हामीले पूर्वाधारका क्षेत्रमा असाधारण काम गरेका छौं । हामी देशको विकास गर्न र पछौंटेपनबाट अर्को वर्ष विकाशील राष्ट्रमा जाने भनेका छौं । विकास निर्माणका कामहरु अगाडि बढाइने छ र योजनाबद्ध ढंगले कामहरु गरिने छ । जतिबेला नागढुंगा-नौबिसे सुरुङ खण्डको शिलान्यास गर्दै थिएं, त्यसबेला मैले भनेको थिएँ, अब नेपालमा टनेल युगको प्रारम्भ भयो अथवा हामी नेपालीहरु अब टनेल युगमा प्रवेश गरेका छौं भनेर । यस्तै सफलता जोड्दै गएर नेपाल एउटा सफलताको देश हुनेछ । यस्तै उपलब्धिहरुलाई जोड्दै गएर उपलब्धिको देश हुनेछ । यस्तै पछौटेपनहरुलाई चिर्दै जाने घटनाहरुबाट, उपलब्धिहरुबाट जोडिदै गएर पछौंटेपन समाप्त पारिएको देश हुनेछ । हामी आशावादी बन्न सक्नु पर्दछ ।

अहिलेको सरकार विकासका लागि बनेको छ । यो सरकार स्थायित्व र स्थिरताका लागि बनेको छ । यो सरकारले विकासका कामलाई तीव्रताका साथ अगाडि बढाउँछ । यो सरकारको सबैभन्दा पहिलो प्राथमिकता—**थालेको काम सक्ने हो** । अघिल्लो पटक सुरु भएका कामहरु अगाडि बढेका छन् । तसर्थ, म सबैलाई आशावादी हुन, हामी बनाउँछौं हाम्रो देश, अरुले बनाउने होइन, हामीले आफैं बनाउँछौं, हामी अरुको पनि सहयोग लिन सक्छौं, अरुको लगानी आमन्त्रण गर्न सक्छौं, अरुको अनुकूलता, हाम्रो अनुकूलता र आवश्यकता, प्राथमिकतामा अरुका लोनहरु पनि आवश्यकता अनुसार स्वीकार गर्न सक्छौं । जसरी होस् हाम्रो देशलाई फाइदा हुने, हाम्रो देशको शीघ्र विकास हुने कुरामा हाम्रो ध्यान जानेछ र गइरहेको पनि छ । यसर्थ हाम्रो देशको विकास सम्भव छ, छिटो हुन्छ । यो देशसँग अहिले पनि युवा जनशक्ति छ, स्रोत साधन छन्, हाम्रा प्रयासहरु र हाम्रा मित्रहरुका साथ सहयोगले हामी छिटै अगाडि बढ्न सक्ने छौं । यस प्रयासमा नगर विकास कोष आगामी दिनमा थप सुदृढ र सक्रियरुपले लाग्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, नगर विकास कोष आफ्नो स्थापनाको ३७औं वर्ष प्रवेशका अवसरमा सबैमा पुनः हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै कोषको उत्तरोतर प्रगतिको कामना गर्दछु ।

२ फागुन, २०८१

केपी शर्मा ओली

मा. प्रकाशमान सिंह
उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री
शहरी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार

Hon'ble Prakash Man Singh
Deputy Prime Minister and Minister for Urban Development
Ministry of Urban Development
Singha Durbar, Kathmandu, Nepal

पत्र संख्या/Let.No.:
चलानी नं. /Ref.No.:



# शुभकामना

व्यवस्थित शहरी विकासका लागि स्थानीय तह र शहरी विकाससँग सम्बन्धित निकायहरुलाई सामाजिक तथा आयमूलक आयोजनाहरुको निर्माण तथा विकासमा वित्तीय एवम् प्राविधिक सहयोग प्रदान गर्न वि.स. २०४५ साल फागुन २ गते स्थापना भएको नगर विकास कोष स्थापनाको ३७ औं वर्षमा प्रवेश गरेको जानकारी पाउँदा मलाई खुशी लागेको छ ।

विद्यमान शहरलगायत भविष्यमा निर्माण हुने शहरमा शहरी सेवा सुविधाहरुको पर्याप्त उपलब्धतासहित शहरी जीवनस्तरमा सुधार ल्याउन गुणस्तरीय, वातावरणमैत्री र दिगो शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठूलो लगानीको आवश्यकता रहेको छ । नगर विकास कोष विगत ३६ वर्षदेखि स्थानीय तह र शहरी विकाससँग सम्बन्धित निकायहरुलाई दीर्घकालिन ऋण तथा प्राविधिक सहयोग प्रदान गर्दै शहरी जीवनस्तर वृद्धिमा योगदान दिईरहेको छ ।

व्यवस्थित, समावेशी र समृद्ध सहर निर्माणको दूरदृष्टिसहित सरोकारवालाहरुसंगको समन्वय र सहकार्यमा शहरी योजना निर्माण, नियमन र व्यवस्थापनका उपयुक्त माध्यममार्फत उत्थानशील शहरी पूर्वाधारमा सबैको पहुँच विस्तार गर्ने उद्देश्यले सरकारबाट राष्ट्रिय शहरी नीति, २०८१ लागु भैसकेको छ । कोषले राष्ट्रिय शहरी नीतिको अवलम्बन गर्दै व्यवस्थित, समावेशी र समृद्ध शहरी निर्माणका लागि प्रयाप्त स्रोत साधनको पहिचान तथा उच्चतम परिचालन गर्नु जरुरी छ ।

देश सङ्घीय शासन पद्धतिमा रुपान्तरण भएसँगै कोषलाई संघ, प्रदेश  र स्थानीय तह एवम् वित्तीय संस्थाहरुको समेत स्वामित्व रहने गरी पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक  पुँजी परिचालन गर्ने एक व्यावसायिक तथा सुदृढ संस्थाका रुपमा रुपान्तरणका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट कोषको "कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचना सम्बन्धी रणनीतिपत्र" स्वीकृत भैसकेको छ । स्वीकृत रणनीतिपत्र बमोजिम विद्यमान नगर विकास कोष ऐन, २०५३ को संशोधन प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउन मन्त्रालय प्रतिवद्ध रहेको छ ।

नगर विकास कोष शहरी पूर्वाधार विकासका लागि वैकल्पिक वित्तीय उपकरणहरु परिचालन गर्न सक्षम हुने विश्वास व्यक्त गर्दै ३७ औं वार्षिकोत्सवको अवसरमा कोषसँग सहकार्य गर्नुहुने विभिन्न सरकारी निकाय, विकास साझेदार संस्थाहरु, दातृ निकायहरु, स्थानीय तह, खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुलाई धन्यवाद ज्ञापन गर्दै नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रकाशमान सिंह
माननीय उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्री

मा. प्रकाशमान सिंह
उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री

नेपाल सरकार
# शहरी विकास मन्त्रालय

फोन नं.: ४२११८८३
४२११६७३
फ्याक्स : ९७७-१-४२११८७३
: ९७७-१-४२००२४६
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-



## शुभकामना

व्यवस्थित शहरी विकासका लागि नगर विकाससँग सम्बन्धित निकायहरूलाई दिगो शहरी पूर्वाधारका आयोजनाको निर्माण तथा विकासमा वित्तीय तथा प्राविधिक सहयोग गर्न सरकारको वित्तीय मध्यस्थकर्ताको रुपमा स्थापित कोष आफ्नो स्थापनाकालको ३६ औं वर्ष पूरा गरी ३७ औं वर्षमा प्रवेश गरेको अवसरमा कोषले आ.व.२०८०।८१ को वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ ।

कोषले तीव्र रूपमा बढ्दै गरेका नगरहरूले पूर्वाधार तथा सामाजिक क्षेत्रमा सामना गरिरहेका आर्थिक व्यवस्थापनका चुनौतीहरूलाई सम्बोधन गर्न स्थानीय तह एवम् नगर विकाससँग सम्बन्धित निकायहरुलाई वित्तीय एवम् प्राविधिक सहयोग प्रदान गर्दै शहरी जीवनस्तरमा सुधार ल्याउन महत्वपूर्ण योगदान दिईरहेको छ ।

कोषले पूर्वाधार विकासमा दीर्घकालिन ऋण लगानी सहित वैकल्पिक वित्तीय उपकरण परिचालन गर्ने संस्थाको रुपमा आफ्नो पहिचान गराएसँगै दिगो शहरी पूर्वाधार विकासका लागि कोषको महत्व र कार्यक्षेत्रलाई मध्येनजरराखि राष्ट्रिय शहरी नीति, २०८१ ले नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पूँजी परिचालन गरिने, विभिन्न अन्तराष्ट्रिय हरित वित्तीय संस्थाहरुको स्रोतमाथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न हरित लगानी वाहक ( Green Financing Vehicle) को रुपमा प्रबर्द्धन तथा परिचालन गरिने जस्ता महत्वपूर्ण नीतिगत व्यवस्था गरेको छ ।

नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पूँजी परिचालन गरिने सबल संस्थाको रुपमा रुपान्तरणका लागि नेपाल सरकारबाट स्वीकृत **"नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पूँजी पुनर्संरचनासम्बन्धी रणनीतिपत्र"** बमोजिम तयार भएको **"नगर विकास कोष ऐन, २०५३ लाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८०"** लाई प्रचलित कानून बमोजिम संसदबाट पारित गरी कार्यान्वयनमा ल्याउन मन्त्रालय प्रतिबद्ध छ ।

अन्त्यमा, नगर विकास कोषले मुलुकको सङ्घीय संरचनाका आधारमा व्यवस्थित शहरी पूर्वाधार विकासका लागि मुलुकको एक नेतृत्वदायी वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा विकसित हुनेछ भन्ने विश्वास व्यक्त गर्दै ३७ औं वार्षिकोत्सवको अवसरमा कोषसँग सहकार्य गर्नुहुने विकास साझेदारहरु, दातृ निकाय, स्थानीय तहहरु, सञ्चालक समिति र साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुलाई धन्यवाद ज्ञापन गर्दै नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०८१/१०/२५
गोपाल प्रसाद सिग्देल
सचिव,
शहरी विकास मन्त्रालय
एवम्, अध्यक्ष, नगर विकास कोष

# नगर विकास कोष

पोष्ट बक्स नं. : ५१४४
नयाँ बानेश्वर,काठमाडौं
फोन नं. : ४५२३८६६, ४५६४८७४, ४५६५६५१, ४५७१२२७
इमेल: tdf@tdf.org.np, Website: www.tdf.org.np

पत्र संख्या :
चलानी नं. :



## प्रतिवद्धता

नगर विकास कोष वि.सं. २०४५ सालमा स्थापना भई नगर विकास कोष ऐन, २०५३ अन्तर्गत सञ्चालित एक स्वायत्त वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा स्थानीय तहहरु तथा नगर विकाससँग सम्वन्धित निकायहरुमा शहरी पूर्वाधार निर्माणमा वित्तीय तथा प्राविधिक सहायता परिचालन गर्दै आफ्नो स्थापनाकालको ३७ औं वर्षमा प्रवेश गरेको छ ।

पूर्वाधार विकासमा दीर्घकालीन ऋण लगानी सहित वैकल्पिक स्रोत परिचालन गर्ने संस्थाका रुपमा कोषले आफ्नो पहिचान बनाउन सफल भएसँगै नेपाल सरकारबाट कोषको पुँजी वृद्धि र कार्यक्षेत्र विस्तारसहितको कोषको पुन: संरचना रणनीतिक पत्र (TDF's Restructuring Strategy Paper) स्वीकृत भइसकेको छ ।

सोही रणनीतिपत्रबमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र वित्तीय संस्थाहरुको समेत सेयर स्वामित्व रहने गरी अधिकृत पुँजी रु. ५० अर्ब, जारी पुँजी रु. ५० अर्ब र चुक्ता पुँजी रु. २० अर्ब हुने गरी नगर विकास कोषको पुनर्संरचना गर्न "नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८०" सञ्चालक समितिबाट स्वीकृत भै शहरी विकास मन्त्रालयमा पेश गरिसकिएको छ ।

राष्ट्रिय शहरी नीति, २०८१ ले समेत नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गरिने, विभिन्न अन्तर्राष्ट्रिय हरित वित्तीय संस्थाहरुको स्रोतमाथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न नगर विकास कोषलाई हरित लगानी वाहक (Green Financing Vehicle) का रुपमा प्रवर्द्धन तथा परिचालन गरिने विषयलाई महत्वका साथ उल्लेख गरिएको छ। यस सन्दर्भमा "नगर विकास कोष ऐन, २०५३ लाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८०" लाई प्रचलित कानुन बमोजिम संसदबाट पारित गराई कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

कोषको चार वर्षीय (आ.व. ०८१/८२ देखि ०८४/८५) व्यावसायिक योजना कोष संचालक समितिबाट स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ । कोषको व्यावसायिक योजना मुख्यरुपमा कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुंजी पुनर्संरचनाका लागि नगर विकास कोष ऐन, २०५३ मा संशोधन, सङ्गठनात्मक क्षमता अभिवृद्धि, कोषको वित्तीय दिगोपन, सरोकार निकायहरुसँगको पहुँच विस्तार, राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारीको सुदृढीकरण, वित्तीय स्रोतहरुको विविधीकरण, हरित पूर्वाधार विकासमा लगानी लगायतमा केन्द्रित हुनेछ ।


अन्त्यमा, कोषको चार वर्षीय (आ.व. ०८१/८२ देखि ०८४/८५) व्यावसायिक योजनाको सफल कार्यान्वयन गर्दै शहरी पूर्वाधार क्षेत्रका लागि एक अग्रणी वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा स्थापित हुन कोष प्रतिवद्ध छ। कोषलाई सहयोग गर्नुहुने नेपाल सरकार, विकास साझेदारहरु, स्थानीय तहहरु, दातृ निकायहरु, साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु र सम्बद्ध सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

Binod

इ. विनोद प्रकाश पण्डित
**कार्यकारी निर्देशक**

२७ माघ, २०८१

# संगठन संरचना


संचालक समिति
उप-समिति
कार्यकारी निर्देशक
सचिवालय एवं योजना अनुगमन तथा मूल्यांकन केन्द्र
आन्तरिक लेखा परीक्षण
सुचना व्यवस्थापन शाखा
योजना, अनुगमन तथा मूल्याङ्कन शाखा
अनुसन्धान तथा विकाश
आयोजना व्यवस्थापन तथा प्राविधिक सहयोग विभाग
वित्त तथा मानव संशाधन विभाग
व्यवसाय प्रबर्द्धक तथा आयोजना विकास महाशाखा
आयोजना अनुगमन तथा सुपरिबेक्षक व्यवस्थापन महाशाखा
प्राविधिक सहयोग तथा परामर्श सेवा महाशाखा
आयोजना मूल्याङ्कन महाशाखा
वित्त तथा कोष व्यवस्थापन महाशाखा
मानव संशाधन महाशाखा
ग्राहक सम्बन्ध तथा सानिसा प्रबर्द्धन शाखा
आयोजना विकास शाखा
खरिद सेवा सहयोग शाखा
आयोजना अनुगमन शाखा
तालिम तथा क्षमता अभिबृद्धि शाखा
आयोजना मूल्याङ्कन शाखा
लगानी तथा असुली शाखा
लेखा शाखा
प्रशासन शाखा
जिन्सी तथा खरिद शाखा

# सञ्चालक समिति



अध्यक्ष
**गोपाल प्रसाद सिग्देल**
सचिव
शहरी विकास मन्त्रालय



सदस्य
**दिलीप कुमार अग्रवाल**
नगर प्रमुख, रङ्गेली न.पा.



सदस्य
**कल्पना कुमारी कटुवाल**
नगर प्रमुख, बरहथवा न.पा.



सदस्य
**दीपक रिसाल**
नगर प्रमुख, गोकर्णेश्वर न.पा.



सदस्य
**मन्जु गुरुङ**
उप-प्रमुख, पोखरा महान.पा.



सदस्य
**राम कृष्ण खाँड**
नगर प्रमुख, तिलोत्तमा न.पा.



सदस्य
**लालवीर भण्डारी**
नगर प्रमुख, पन्चपुरी न.पा.



सदस्य
**सुशीला शाही**
नगर प्रमुख, लम्कीचुहा न.पा.



सदस्य
**महेश आचार्य**
सह-सचिव, अर्थ मन्त्रालय



सदस्य
**काली प्रसाद पराजुली**
सह-सचिव, संघीय मामिला तथा
सामान्य प्रशासन मन्त्रालय



सदस्य
**किरण पण्डित**
अर्थ विज्ञ

सदस्य

प्राविधिक विज्ञ



सदस्य
**डा. रुद्र प्रसाद घिमिरे**



सदस्य
**रन्जु कुमारी साह**



सदस्य
**हिक्मत जंग कार्की**



सदस्य सचिव
**विनोद प्रकाश पण्डित**
कार्यकारी निर्देशक

# कार्यकारी सारांश

सुरक्षित, स्वच्छ, व्यवस्थित, आर्थिक रूपमा गतिशील र सुन्दर शहर समृद्ध मानव बस्तीका पहिचान हुन् । पूर्वाधार विकास, आर्थिक क्रियाकलाप, औद्योगिकीकरण र बसाइँसराइलगायतका शहरी विकासका प्रमुख संवाहकहरूको वृद्धिसँगै शहरीकरण बढ्दै गएको छ । विद्यमान शहरलगायत भविष्यमा निर्माण हुने शहरमा शहरी सुविधाहरूको पर्याप्त उपलब्धतासहित शहरी जीवनस्तरमा सुधार ल्याउन गुणस्तरीय, वातावरणमैत्री र दिगो शहरी पूर्वाधार निर्माण, विकास तथा विस्तारमा ठूलो लगानीको आवश्यकता रहेको छ । नगर विकास कोष विगत ३६ वर्षदेखि व्यवस्थित शहर निर्माणका लागि स्थानीय तह र शहरी विकाससँग सम्बन्धित निकायहरूलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्दै आएको छ ।

कोषले स्थापनाकाल २०४५ सालदेखि हालसम्म देशका ९२ ओटा नगरपालिका तथा ११२ ओटा साना शहर हरूमा साना-ठूला गरी करिब १४०० ओटा आयोजनामा जम्मा रु. १३ अर्ब ५७ करोड ऋण र रु. २ अर्ब ५२ करोड अनुदान गरी जम्मा रु. १६ अर्ब ९ करोड परिचालन गर्दै पूर्वाधार विकासमा ऋण लगानी (Debt Financing) का अवधारणालाई प्रवर्द्धन गर्दै निरन्तर रूपमा अगाडि बढिरहेको छ ।

आ.व. ०८०/८१ मा नेपाल सरकार मन्त्रिपरिषद्बाट "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचना रणनीतिपत्र"का आधारमा कोष सञ्चालक समितिबाट "नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८०" को स्वीकृति भई उक्त मस्यौदा शहरी विकास मन्त्रालयमा आवश्यक प्रक्रियाका लागि पेस हुन यस आ.व.को महत्त्वपूर्ण उपलब्धि रहेको छ ।

आ.व. ०८०/८१ मा नेपाल सरकार, बहुपक्षीय, द्विपक्षीय, अन्तर्राष्ट्रिय दातृ निकायमार्फत वित्तीय स्रोत व्यवस्थापनका लागि गरिएको समन्वय र प्रयास उपलब्धिमूलक भएको देखिन्छ । कोषको नयाँ कार्यक्रमका रूपमा एसियाली विकास बैङ्कको सहयोगमा शहरी विकास मन्त्रालयअन्तर्गत शहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना (Urban Resilience and Livability Improvement Project-URLIP) कोषसमेतको सहभागिता हुने गरी भएको सम्झौता सम्पन्न भएको छ । नयाँ शहर आयोजनाअन्तर्गतका जग्गा एकीकरण आयोजना (Land Pooling Project) मा नगर विकास कोषको ऋणसमेत परिचालन हुने गरी शहरी विकास तथा भवन निर्माण विभाग, नयाँ शहर आयोजना समन्वय कार्यालय र नगर विकास कोषबीच सम्पन्न सहमतिपत्र (MoU) सम्पन्न गरिएको छ । फिनल्यान्ड सरकारसँगको सहकार्यमा कोषबाट Public Investment Facility (PIF) को स्रोत र World Bank Group अन्तर्गतको International Finance Corporation (IFC) सँगको सहकार्यमा ६ ओटा महानगरपालिकामा कोषबाट प्राविधिक सहयोग परिचालन गर्ने सम्बन्धमा प्रस्ताव शहरी विकास मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पेस गरिएको छ ।

आ.व. ०८०/८१ मा नेपाल सरकार तथा दातृ निकायको वित्तीय सहयोगमा सञ्चालित बहुवर्षीय आयोजनाका साथसाथै कोषको इक्विटीको अधिकतम परिचालन गरी शहरी पूर्वाधारका आयोजनामा वित्तीय लगानी, कार्यालय भवन निर्माण, कार्यालय उपकरण र अन्य सम्पत्ति खरिदका लागिसमेत गरी जम्मा रु. २ अर्ब ३० करोड २५ लाख लगानी गर्ने लक्ष्य राखिएकोमा रु. ८५ करोड लगानी भई लक्ष्यको ३७ प्रतिशत प्रगति हासिल भएको छ ।

स्थानीय तहको पूर्वाधार विकासका लागि शहरी पूर्वाधारतर्फ रु. ६९ करोड ७१ लाख र खानेपानी आयोजनातर्फ रु. १० करोड ३५ लाखबराबरका नयाँ आयोजनाहरूको स्वीकृतिसहित कुल रु. ८० करोड ६ लाखबराबरका आयोजनाहरू स्वीकृति भई ऋण सम्झौता सम्पन्न भएको छ ।

कोषको व्यवसाय सञ्चालनबाट हुने नियमित आम्दानी र दातृ संस्थाहरूबाट प्राप्त हुने अनुदान आम्दानीसमेतबाट आ.व. २०८०/८१ मा कुल रु. ८७ करोड ९३ लाख आम्दानी हुने अनुमान गरिएकोमा जम्मा रु. ८४ करोड २१ लाख ४७ हजार आम्दानी हुन गई लक्ष्यको ९६ प्रतिशत प्रगति हासिल भएको छ । त्यसै गरी कोषले नेपाल सरकारसँग लिएको ऋणको ब्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, व्यवसाय प्रवर्द्धन खर्च, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च तथा शहरी खानेपानी तथा युरोपियन युनियनअन्तर्गतका विभिन्न कार्यक्रमका लागिसमेत गरी कुल खर्च रु. ३८ करोड ७६ लाख ८० हजार हुने अनुमान गरिएकोमा जम्मा रु. २६ करोड ५५ लाख ५० हजार खर्च हुन गई लक्ष्यको ६८ प्रतिशत प्रगति हासिल भएको छ । आ.व. ०८०/८१ मा करबापत रु. १३ करोड ८५ लाख ५२ हजार नेपाल सरकारलाई भुक्तानी गरी रु. ४३ करोड ८० लाख ३८ हजार खुद बचत हुन गएको छ ।


आ.व. २०८०/८१ मा कोषले ऋण लगानी गरेका विभिन्न आयोजनाबाट उठाउनुपर्ने साँवा तथा ब्याज गरी रु. १ अर्ब ८२ करोड ३६ लाख असुल गर्नुपर्नेमा रु. ८८ करोड ३१ लाख (४८%) असुल भएको छ । कोषलाई नेपाल सरकारबाट पूर्वाधार विकासका लागि प्राप्त ऋण रकमको साँवा तथा ब्याजबापत रु. ३८ करोड १७ लाख ५७ हजार भुक्तानी गर्ने लक्ष्य रहेकोमा नेपाल सरकारसँग ऋण हिसाब मिलानका क्रममा कोषले सहुलियत अवधिको पुँजीकृत गरिएको ब्याज र सहुलियत अवधिमा रहेको कार्यक्रमको ब्याजसहित गरी रु. ७५ करोड २९ लाख ८१ हजार भुक्तानी गरिएको छ ।

आ.व. ०७९।८० को लेखा परीक्षणपछिको पुँजी रु. ६ अर्ब ७० करोड ८० लाख ७५ हजार भएकोमा आ.व. ०८०।८१ मा रु. ५१ करोड ६० लाख ९ हजार थप भई कोषको कुल पुँजी रु. ७ अर्ब २२ करोड ४० लाख ८३ हजार पुगेको छ ।


# नगर विकास कोष

## आ.व. ८०।८१ को लगानी, असुली र भुक्तानीको अवस्था


**(क) आ.व. २०८०।८१ मा विभिन्न कार्यक्रमअन्तर्गत स्वीकृत रकम (रु. ८० करोड ६ लाख)**





**(ख) आ.व. २०८०।८१ मा कोषको विभिन्न कार्यक्रमअन्तर्गत गरिएको लगानी**



### (ग) आ.व. २०८०/८१ को नेपाल सरकारलाई साँवा तथा ब्याज भुक्तानी




### (घ) आ.व. २०८०/८१ मा ऋण असुली



# १. कोषको परिचय

## १.१ पृष्ठभूमि

नगर विकास कोष शहरी पूर्वाधार विकासका लागि वित्तीय मध्यस्थकर्ताका रूपमा दीर्घकालीन लगानी गर्ने उद्देश्यका साथ २०४५ सालमा स्थापित तथा नगर विकास कोष ऐन, २०५३ अन्तर्गत सञ्चालित एक स्वायत्त वित्तीय मध्यस्थकर्ता संस्था हो । कोष स्थानीय तहहरू तथा नगर विकाससँग सम्बन्धित निकायहरूमा पूर्वाधार निर्माणका लागि ऋण परिचालन गर्ने र ऋण असुली गर्ने सरकारको एक मात्र सार्वजनिक वित्तीय संस्थाका रूपमा स्थापित भएको छ । सङ्घीयताको वर्तमान सन्दर्भमा, अन्तर-सरकारी वित्तीय हस्तान्तरण प्रणालीको अङ्गका रूपमा आत्मनिर्भर र वैकल्पिक स्रोत परिचालनका लागि यस कोषको महत्त्व र अपरिहार्यता देखिएको छ । स्थापनाकालदेखि कोषले नेपाल सरकार एवम् विभिन्न विकास साझेदारको वित्तीय स्रोत परिचालन गर्दै सहकार्य गरिरहेको छ । कोषले तीव्र रूपमा बढ्दै गरेका नगरहरूले पूर्वाधार तथा सामाजिक क्षेत्रमा सामना गरिरहेका आर्थिक व्यवस्थापनका चुनौतीलाई सम्बोधन गर्न हातेमालो गर्दै पूर्वाधार विकास र विस्तारका लागि वित्तीय एवम् प्राविधिक सहयोग परिचालन गर्दै शहरी जीवनस्तर वृद्धिमा योगदान दिइरहेको छ । कोषले आफ्नो स्थापनाकालदेखि नेपाल सरकार तथा विभिन्न अन्तर्राष्ट्रिय विकास साझेदारहरू (विश्व बैङ्क, जिटी जेड, जर्मन विकास बैङ्क (के.एफ.डब्ल्यू.), एसियाली विकास बैङ्क, युरोपियन युनियन (यु.एन.सि.डि.एफ.)को वित्तीय तथा प्राविधिक सहयोग र कोषको इक्विटी परिचालन गरी हालसम्म शहरी विकास र पूर्वाधारका प्रतिफलमुखी आर्थिक पूर्वाधार, व्यावसायिक तथा आधार भूत सामाजिक पूर्वाधारका आयोजनामा करिब १६ अर्ब रुपैयाँ लगानी गरिसकेको छ ।

कोष नेपाल सरकारको कार्य विभाजन नियमावलीअनुसार हाल शहरी विकास मन्त्रालयअन्तर्गत रही राष्ट्रिय शहरी नीति र राष्ट्रिय शहरी विकास रणनीति तथा नेपाल सरकारको दिगो विकास लक्ष्य प्राप्तिमा समेत आफ्नो भूमिका निर्वाह गर्दै आएको छ । सङ्घ, प्रदेश र स्थानीय तह एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी शहरी पूर्वाधार निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने एक स्वायत्त एवम् दिगो वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा स्थापित हुने कोषको दूर दृष्टि रहेको छ ।

शहरीकरणको विस्तार सँगसँगै शहरी पूर्वाधारको माग र वित्तीय स्रोत आपूर्तिबीच ठूलो खाडल भएकाले कोषले पूर्वाधार विकासमा लागत असुली तथा दीर्घकालीन ऋण लगानी जस्ता बैकल्पिक स्रोत परिचालन गर्ने संस्थाका रूपमा आफ्नो पहिचान गराएकाले कोषको महत्त्व र कार्यक्षेत्रलाई मध्यजनर राखी नेपाल सरकारबाट कोषको पुँजी वृद्धि र कार्यक्षेत्र विस्तारसहितको कोषको पुनर्संरचना रणनीतिकपत्र (TDF's Restructuring Strategy Paper) स्वीकृत भइसकेको छ । सोही रणनीतिकपत्रबमोजिम कोषको अधिकृत पुँजी ५० अर्ब रुपैयाँ पु¥याउने योजनासहित नगर विकास कोष ऐन, २०५३ लाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० तयार भई ऐन संशोधनको प्रक्रियामा रहेको छ ।

कोषको कार्य क्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचनापश्चात् कोषलाई थप प्रभावकारी रूपमा स्थानीय तहको पूर्वाधार विकासका लागि आर्थिक र प्राविधिक सहयोग र सार्वजनिक-निजी साझेदारी अवधारणाअनुसार स्थानीय तह र प्रदेशस्तरका आयोजनामा पनि लगानी गर्ने बाटो खुल्नेछ । परिणामस्वरूप वित्तीय मध्यस्थकर्ताका रूपमा कोषको भूमिका थप सबल र विस्तारित हुनेछ ।

## १.२ कोषको दूरदृष्टि (Vision)

शहरी पूर्वाधार विकासमा दिगो नेतृत्वदायी वित्तीय मध्यस्थकर्ताका रूपमा स्थापित हुने ।

## १.३ कोषको ध्येय (Mission)

पूर्वाधार विकासमा सहजीकरण गर्दै समावेशी दिगो विकासको प्रवर्द्धन ।

## १.४ कोषको मूल मान्यता (Core Value)

- शहरी पूर्वाधारका आयोजनाहरूको निर्माणमा ऋण लगानीलाई प्रवर्द्धन गर्दै शहरी सेवा–सुविधाको विस्तार गरी जनताको आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार ।
- दिगो शहरी पूर्वाधारमा लगानीलाई विस्तार गर्दै देशको आर्थिक–सामाजिक क्षेत्रको विकास ।
- वित्तीय एवम् गैरवित्तीय नवीन उपकरणको प्रवर्द्धनबाट शहरी पूर्वाधार विकास ।

## १.५ कोषको उद्देश्य

अल्पकालीन तथा दीर्घकालीन रणनीतिहरू बनाई कार्य गर्नका लागि नगर विकास कोष ऐन, २०५३ को परिच्छेद २ (५) बमोजिम नगर विकास कोषको देहायबमोजिम उद्देश्यहरू रहेका छन् :

(क) नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाइ स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसका लागि गरिनुपर्ने सभाव्य सुधारहरूका सम्बन्धमा देखापरेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकताअनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

## १.६ कोषको मुख्य मुख्य काम कर्तव्य र अधिकार

(क) कोषको सञ्चालन र व्यवस्थापनसम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सोका निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(ग) नगरको निर्माण, विकास, विस्तार तथा नगरमा आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, नगर विकाससँग सम्बन्धित निकायहरूलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(घ) नगरको निर्माण, विकास, विस्तार र विविधीकरणका लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक आधारहरू तयार पारी नगर विकाससँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने तथा त्यस्ता कार्यक्रममा नगर विकाससँग सम्बन्धित निकायहरूको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ङ) नगर विकाससँग सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरूलाई दिइने तालिम तथा प्रशिक्षणका लागि आवश्यक सहयोग पुऱ्याउने ।

(च) नगर विकाससँग सम्बन्धित निकायहरूलाई नगर विकाससम्बन्धी विषयहरूमा आवश्यक परामर्श सेवा प्रदान गर्ने ।

(छ) कोषसँग ऋण लिई सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने ।

(ज) नेपाल सरकारले कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासँग कोषका सम्बन्धमा गरेको सम्झौताबमोजिम कार्य गर्ने, गराउने ।

(झ) कोषको हितविपरीत नहुने गरी कोषको रकम प्रचलित कानुनबमोजिम स्थापित अन्य कुनै संस्थाको सेयर, डिबेन्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्ने कार्यमा लगानी गर्ने ।

## १.७ कोषको ऐन/नियम/विनियमावली/निर्देशिका

१. नगर विकास कोष ऐन, २०५३
२. नगर विकास कोष नियमावली, २०५४
३. नगर विकास कोष आर्थिक विनियमावली, २०७१
४. नगर विकास कोष, कर्मचारी सेवा सर्त (संशोधित) विनियावली, २०६८
५. नगर विकास कोष, लगानी विनियमावली, २०७९
६. नगर विकास कोष, ऋण असुली विनियमावली, २०७९
७. खानेपानी तथा सरसफाइ क्षेत्र, सहलगानी निर्देशिका, २०७५
८. लगानी निर्देशिका, २०७७
९. खानेपानी महसुलदर सिफारिस निर्देशिका, २०७८

## १.८ कोषको रणनीति

(१) नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत "कोषको कार्यक्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचनासम्बन्धी रणनीतिपत्र"बमोजिम नगर विकास कोषलाई सङ्घ, प्रदेश र स्थानीय तह एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचना गर्न कानुनी प्रबन्धका लागि नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० शहरी विकास मन्त्रालयमार्फत संसद्मा पेस गर्न सहजीकरण गर्दै कोषको संस्थागत क्षमता सुदृढ गरिनेछ ।

(२) शहरी पूर्वाधारको निर्माण तथा विकासमा ऋण–अनुदान मिश्रण लगानी, सहलगानी, हरित वित्त लगानी, मिश्रित वित्त (ब्लेन्डेड फाइनान्स) र सार्वजनिक-निजी साझेदारीमा लगानीलगायतका वैकल्पिक वित्तीय उपकरणहरूका माध्यममार्फत वित्तीय स्रोत परिचालन गरिनेछ ।

(३) बहुपक्षीय, द्विपक्षीय, अन्तर्राष्ट्रिय दातृ निकायहरू तथा अन्य सङ्घ-संस्थाहरूमार्फत थप वित्तीय स्रोत परिचालन गरिनेछ ।

(४) कोषलाई Green Climate Fund (GCF) मानक संस्थाका रूपमा स्थापित गरिनेछ । स्थानीय तहहरूमा जलवायु अनुकूलनका आयोजनामा लगानी विस्तार गर्न जलवायु सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्य सुदृढ बनाइनेछ ।

(५) कोषको कार्यक्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको भगिनी सम्बन्ध तथा संस्थागत सञ्जाल विकास गरी कोषको प्राविधिक क्षमता अभिवृद्धि गरिनेछ ।

(६) राष्ट्रिय वित्तीय संस्थासँग सहकार्य गरी (Consortium Financing) को माध्यमबाट लगानी क्षमता सुदृढ बनाइनेछ ।

(७) वैकल्पिक वित्तीय उपकरण परिचालन गरिनेछ ।

(८) संस्थागत वित्तपोषण (Entity Financing) मार्फत कोषको लगानी प्रवर्द्धन गरिनेछ ।

(९) ऋण असुलीलाई नियमित र व्यवस्थित गरिनेछ ।

## १.९ कोषको लगानीका क्षेत्र र आयोजनाको किसिम

### (क) आधारभूत सामाजिक पूर्वाधार

(१) जग्गा एकीकरण आयोजना, स्मार्ट सिटी, आवास योजना, एकीकृत बस्ती विकास, शहरी पुनर्उद्धार आयोजना, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदास्थल संरक्षण, हाउस पुलिङलगायत अन्य नगर विकास पूर्वाधार ।

(२) फोहोरमैला व्यवस्थापन, सतह ढल, ढल प्रशोधन केन्द्र, फोहोरमैला प्रशोधन केन्द्र, सार्वजनिक शौचालय, दिसाजन्य लेदो पदार्थ प्रशोधन आयोजना, जैविक मल उत्पादन आयोजनालगायत अन्य फोहोरमैलाजन्य पूर्वाधार ।

(३) खुला क्षेत्र पेटी आयोजना, एकीकृत शहरी सडक सुधार आयोजना, खानेपानी तथा सरसफाइ, सडक बत्ती, बस बिसौनी, सङ्ग्रहालय, नगर अस्पताल, सामुदायिक भवन, विद्यालय भवन, पुस्तकालय भवन, प्रशासनिक भवनलगायत अन्य पूर्वाधार ।

(४) पार्क, सार्वजनिक हरित क्षेत्र, पदमार्ग, साइकल लेन, पोखरी सुधार तथा पर्यटकीय मानव निर्मित ताल, वातावरणीय अनुकूलन र अल्पीकरण आयोजना, शहरी हरित प्रवर्द्धन आयोजनालगायत अन्य पूर्वाधार ।

**(ख) आयमूलक पूर्वाधार**

(१) बहुउद्देश्यीय भवन, सपिङ कम्प्लेक्स, प्रदर्शनी केन्द्र, बजार व्यवस्थापन आयोजना, सभागृह, बसपार्क, सार्वजनिक यातायातसम्बन्धी पार्क, बहुतले व्यापारिक पार्किङलगायत अन्य व्यावसायिक पूर्वाधार ।

(२) केबुलकार परियोजना, विद्युतीय यातायात सेवा, सार्वजनिक यातायात सेवा, मेट्रो रेल, मोनो रेल, जल यातायात, फ्लाई ओभर, ट्राम, विद्युतीय सवारी चार्जिङ स्टेसन, भेहिकल वासिङ सेन्टरलगायत अन्य यातायात पूर्वाधार ।

(३) स्थानीय उत्पादन बिक्री केन्द्र, कृषि बजार, शीत भण्डार, कृषि तथा वनजन्य वस्तुहरूको व्यावसायिक उत्पादन तथा प्रशोधन भण्डार, वधशाला तथा प्रशोधन केन्द्रलगायत अन्य कृषि पूर्वाधार ।

(४) रोड साइड रिफ्रेसमेन्ट सेन्टर, जिपलाइन, बन्जी जम्पिङ, मनोरञ्जन पार्क, खेलकुद पार्क, चिडियाघर, रङ्गशाला, कभर्डहल, रिसोर्ट तथा पार्कलगायत अन्य पर्यटकीय पूर्वाधार ।

## १.१० कोषका सेवाग्राही

(क) स्थानीय तह,

(ख) नगर विकाससँग सम्बन्धित निकाय,

(ग) प्रचलित कानुनबमोजिम स्थापित उपभोक्ता समिति,

(घ) नगर विकासको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था वा साझेदार संस्था ।

## १.११ कोषको ऋण लगानी विधि

(क) **साधारण विधि** : प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनका आधारमा कोषबाट प्रवाह गरिने ऋण र ऋणीको योगदान अनुपातका आधारमा गरिने लगानी ।

**कुल आयोजना लागत = कोषको ऋण+ऋणीको योगदान**

(ख) **मिश्रित विधि** : प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनका आधारमा कोषबाट प्रवाह गरिने ऋण, अनुदान र ऋणीको योगदान अनुपातका आधारमा गरिने लगानी ।

**कुल आयोजना लागत= कोषको ऋण+कोषको अनुदान+ऋणीको योगदान**

(ग) **सहलगानी विधि** : प्रस्तावित आयोजना मूल्याङ्कन प्रतिवेदनका आधारमा कोषबाट प्रवाह गरिने ऋण, ऋणीको योगदान र सङ्घीय सरकार वा प्रदेश सरकार वा दातृ निकायहरूबाट प्राप्त अनुदानसमेतका आधारमा गरिने लगानी ।

**आयोजना लागत = कोषको ऋण+ऋणीको योगदान+ केन्द्रीय सरकार/प्रदेश सरकार/दातृ निकायको अनुदान**

(घ) **सार्वजनिक निजी साझेदारी विधि** : निजी क्षेत्र र सार्वजनिक निकायबीच सम्पन्न आयोजना विकास सम्झौता तथा आयोजना मूल्याङ्कन प्रतिवेदनका आधारमा कोष, निजी क्षेत्र र सार्वजनिक निकायबीच गरिने त्रिपक्षीय सम्झौताबमोजिम सार्वजनिक निकायको ऋण जमानीमा गरिने आयोजना लगानी ।

**आयोजना लागत= कोषको ऋण+निजी क्षेत्रको लगानी + सार्वजनिक निकायको योगदान**

(ङ) **सहवित्तीय (कन्सोर्टियम) विधि :** आयोजना मूल्याङ्कन प्रतिवेदनका आधारमा कोष, बैङ्क तथा वित्तीय संस्थाको संयुक्त ऋण र ऋणीको योगदानसमेतका आधारमा गरिने लगानी । यस्तो आयोजनामा सङ्घीय वा प्रदेश सरकारको अनुदानसमेत लगानी हुन सक्नेछ ।

तर यसरी लगानी गर्दा कोषमा जम्मा रहेको पुँजीको १५ (पन्ध्र) प्रतिशतमा नबढ्ने गरी लगानी गर्न सक्नेछ ।

**आयोजना लागत= कोष तथा वित्तीय संस्थाको संयुक्त ऋण+ऋणीको योगदान**

## १.१२ ऋण आवेदन प्रक्रियाका लागि आवश्यक कागजात (Documents for Application):

(क) आवेदकको अख्तियारप्राप्त तहबाट ऋण तथा अनुदान लिने निर्णय,

(ख) आयोजना स्थलको जग्गा स्वामित्वसम्बन्धी विवरण,

(ग) प्रस्तावित आयोजनाको सङ्क्षिप्त विवरण वा विस्तृत आयोजना अध्ययन प्रतिवेदन,

(घ) वातावरण अध्ययन प्रतिवेदन,

(ङ) आयोजनासम्बन्धी अन्य कागजातहरू ।

## १.१३ लगानीका स्रोत

(क) नेपाल सरकारबाट प्राप्त पुँजी,

(ख) नेपाल सरकारबाट साना शहरी खानेपानी तथा सरसफाइ क्षेत्र आयोजनाअन्तर्गत प्राप्त पुँजी,

(ग) नगर विकास कार्यक्रमअन्तर्गत स्थापित चक्रीय कोषमा रहेको रकम,

(घ) दिगो शहरी यातायात क्षेत्रअन्तर्गत प्राप्त रकम,

(ङ) नेपाल सरकारबाट प्राप्त ऋण एवम् अनुदान रकम,

(च) कोषको सञ्चित बचत रकम,

(छ) विकास साझेदारबाट प्राप्त ऋण तथा अनुदान रकम,

(ज) प्रचलित कानुनबमोजिम जारी गरिने विकास ऋणपत्र वा डिबेन्चरबाट प्राप्त रकम,

(झ) समितिले समय समयमा लगानी गर्ने गरी तोकिदिएको रकम ।

## १.१४ ऋण असुलीसम्बन्धी व्यवस्था

नगर विकास कोषले पूर्वाधार निर्माणका लागि गरेको ऋण लगानीको असुली प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यान्वयनमा रहेको ऋण असुली विनियमावली, २०७९ का केही प्रावधानहरू :

### ऋणको वर्गीकरण तथा नोक्सानी व्यवस्था

१. **ऋणको वर्गीकरण :** (१) कोषले प्रवाह गरेको ऋणलाई देहायबमोजिम वर्गीकरण गर्नुपर्नेछ :

(क) असल ऋण : भाखा ननाघेका र एक वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(ख) कमसल ऋण : साँवा वा ब्याज एक वर्षदेखि दुई वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(ग) शङ्कास्पद ऋण : साँवा वा ब्याज दुई वर्षदेखि पाँच वर्षसम्म भाखा नाघेको किस्ता रकम ।

(घ) खराब ऋण : साँवा वा ब्याज पाँच वर्षभन्दा माथिको अवधिले भाखा नाघेको किस्ता रकम ।

(२) उपविनियम (१) को खण्ड (क) बाहेकका ऋणलाई निष्क्रिय ऋण मानिनेछ ।

२. **खराब ऋणसम्बन्धी अन्य व्यवस्था :** (१) विनियम ५ को उपविनियम (१) को खण्ड (घ) मा उल्लेख भएबाहेक देहायको मध्ये कुनै अवस्थाको ऋणलाई समेत खराब ऋणमा वर्गीकरण गरिनेछ :

(क) ऋण सम्झौतामा उल्लिखितबाहेक अन्य प्रयोजनमा ऋणको उपयोग गरेको,

(ख) आयोजना निर्माणको सुरु ठेक्का सम्झौतामा उल्लेख भएअनुसारको निर्माण अवधिको दोब्बर समयसम्म पनि आयोजना निर्माण सम्पन्न नभएको,

(ग) सरोकारवाला निकायबीच आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धी विवाद उत्पन्न भई कानुनबमोजिम २ (दुई) वर्षसम्म समाधान नभएको,

(घ) आयोजना निर्माण सम्पन्न भएको मितिदेखि २ (दुई) वर्षसम्म सेवा सञ्चालनमा नआएको,

(ङ) आयोजनाबाट आर्जित रकम ऋण भुक्तानी नगरी अन्य कार्यमा प्रयोग गरेको ।

३. **ऋण नोक्सानी व्यवस्था :** (१) यस विनियमावलीबमोजिम वर्गीकरण गरिएका ऋणलाई बक्यौता साँवा रकमको आधारमा देहायबमोजिम ऋण नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ :

| **ऋण वर्गीकरण** | **न्यूनतम ऋण नोक्सानी व्यवस्था** |
|---|---|
| (क) असल | एक प्रतिशत |
| (ख) कमसल | बीस प्रतिशत |
| (ग) शङ्कास्पद | चालीस प्रतिशत |
| (घ) खराब | शतप्रतिशत |

(२) पुनर्संरचना वा पुनर्तालिकीकरण गरिएको ऋणको हकमा न्यूनतम ५ (पाँच) प्रतिशत ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

तर, असल ऋण पुनर्संरचना वा पुनर्तालिकीकरण भएको अवस्थामा १ (एक) प्रतिशत ऋण नोक्सानी व्यवस्था गर्न सकिनेछ ।

(३) उपविनियम (२) बमोजिमको व्यवस्थाबाट समेत लगातार २ (दुई) वर्षसम्म पनि नियमित हुन नसकेको ऋणको हकमा पुनर्संरचना वा पुनर्तालिकीकरण हुनुअघिको ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

४. **कन्सोर्टियम ऋणसम्बन्धी व्यवस्था :** नियमावलीको नियम ८ बमोजिम गरिएको कन्सोर्टियम ऋण लगानीमा नेपाल राष्ट्र बैङ्कबाट जारी गरिएको निर्देशिकाबमोजिमको ऋण नोक्सानी व्यवस्था कायम गरिनेछ ।

५. **ऋण पुनर्संरचना वा पुनर्तालिकीकरणसम्बन्धी व्यवस्था :** (१) ऋण सम्झौताबमोजिम तोकिएको समयमा नियमित रूपमा भुक्तानी नभएको ऋणलाई उपसमितिले पुनर्संरचना वा पुनर्तालिकीकरण गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम ऋण पुनर्संरचना वा पुनर्तालिकीकरण गर्ने आधार देहायबमोजिम हुनेछ :

(क) ऋणीले पेस गरेको कार्ययोजना विश्वसनीय भएमा,

(ख) कुल बक्यौता ब्याजको कम्तीमा पच्चीस प्रतिशत असुलउपर भएमा,

(ग) ऋणीले प्राकृतिक विपत्ति वा महामारी वा काबुबाहिरको अन्य परिस्थिति सिर्जना भई आयोजनाको वित्तीय अवस्था वा नगद प्रवाहमा नकारात्मक असर परेको प्रमाण पेस गरेमा,

(घ) ऋण असुली हुने सम्बन्धमा उपसमिति विश्वस्त हुने आधार भएमा ।

६. **असल ऋण असुली प्रक्रिया :** ऋण असुली एकाइले असल ऋण असुलीका लागि देहायको प्रक्रिया अवलम्बन गर्नेछ :

(क) तोकिएको भुक्तानी मितिभन्दा कम्तीमा ३० (तीस) दिनअगावै किस्ता रकम भुक्तानीका लागि ऋणीलाई अग्रिम जानकारी गराउने,

(ख) तोकिएको भुक्तानी मितिभित्र किस्ता रकम दाखिला नगरेमा २१ (एक्काइस) दिनको म्याद दिई ताकेता पत्र पठाउने,

(ग) खण्ड (ख) बमोजिमको समय सीमाभित्र किस्ता रकम दाखिला नगरेमा १५ (पन्ध्र) दिनको म्याद दिई पुनः ताकेता पत्र पठाउने,

(घ) खण्ड (ग) बमोजिमको समय सीमाभित्र किस्ता रकम दाखिला नभएमा सोसम्बन्धी व्यहोरा ऋणको जमानीकर्ता भएमा निजलाई समेत जानकारी गराउने ।

७. **कमसल ऋण असुली प्रक्रिया :** (१) ऋण असुली एकाइले कमसल ऋण असुलीका लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गर्नेछ :

(क) बक्यौता किस्ता रकम दाखिला गर्नका लागि १५ (पन्ध्र) दिनको म्याद दिई पुनः ताकेता पत्र पठाउने,

(ख) खण्ड (क) बमोजिमको समयभित्र किस्ता रकम दाखिला नभएमा जमानीकर्तासमेतलाई पुनः जानकारी गराउने ।

(२) उपविनियम (१) बमोजिम जानकारी गराएको ९० (नब्बे) दिनभित्र किस्ता रकम दाखिला नभएमा कोष व्यवस्थापनले ऋण असुलीका लागि एस्क्रो एकाउन्ट वा डेब्ट सर्भिस रिजर्भ फन्ड वा ऋण सम्झौताबमोजिमका अन्य विधि लागू गर्न सक्नेछ ।

(३) कोषले कमसल ऋणमा वर्गीकरण भएको ऋणीलाई पूर्वस्वीकृत भएको ऋण रकमबाहेक थप ऋण उपलब्ध गराउनेछैन ।

तर, थप लगानी उपलब्ध गराउँदा आयोजना सञ्चालन भई ऋण असुली हुन सक्ने देखिएमा आयोजना पुनर्मूल्याङ्कनका आधारमा थप लगानी उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिनेछैन ।

८. **शङ्कास्पद ऋण असुली प्रक्रिया :** (१) ऋण असुली एकाइले शङ्कास्पद ऋण असुलीका लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गर्नेछ :

(क) बक्यौता किस्ता रकम दाखिला गर्नका लागि १५ (पन्ध्र) दिनको म्याद दिई पुनः ताकेता पत्र पठाउने,

(ख) खण्ड (क) बमोजिमको समयभित्र किस्ता रकम दाखिला नभएमा जमानीकर्तालाई सम्झौताबमोजिम बहन गर्नुपर्ने दायित्व ९० (नब्बे) दिनभित्र पूरा गर्न जानकारी गराउने ।

(२) कोषले शङ्कास्पद ऋणमा वर्गीकरण भएको ऋणीलाई पूर्वस्वीकृत भएको ऋण रकमबाहेक थप ऋण उपलब्ध गराउनेछैन ।

तर, थप लगानी उपलब्ध गराउँदा आयोजना सञ्चालन भई ऋण असुली हुन सक्ने देखिएमा आयोजना पुनर्मूल्याङ्कनका आधारमा थप लगानी उपलब्ध गराउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिनेछैन ।

९. **खराब ऋण असुली प्रक्रिया :** (१) ऋण असुली एकाइले खराब ऋण असुलीका लागि देहायबमोजिमको प्रक्रिया अवलम्बन गर्नेछ :

(क) बक्यौता किस्ता रकम दाखिला गर्नका लागि ३० (तीस) दिनको म्याद दिई खण्ड (ख) बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित हुने सूचनाको व्यहोरासमेत समावेश गरी ऋणी तथा जमानीकर्तालाई पुनः ताकेता पत्र पठाउने ।

(ख) खण्ड (क) बमोजिम किस्ता रकम दाखिला नभएमा दाखिला गर्नुपर्ने बक्यौता किस्ता रकमको विवरणसहित ऋणी र जमानीकर्ताको नाम उल्लेख गरी राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची २ बमोजिमको ढाँचामा कम्तीमा ३५ (पैंतीस) दिनको म्याद दिई सूचना प्रकाशन गर्ने ।

# २. आ.व. ०८०/८१ मा कोषद्वारा सञ्चालित कार्यक्रमहरूको प्रगति समीक्षा

## २.१ नगर विकास कार्यक्रम (Town Development Program)

### (१) नगरपालिकाहरूमा सामाजिक तथा आयमूलक पूर्वाधारमा मिश्रित लगानी विधिबाट अनुदान परिचालन कार्यक्रम

कोषले यस कार्यक्रमअन्तर्गत नगरपालिका क्षेत्रमा सामाजिक तथा आयमूलक शहरी पूर्वाधारका (फोहोरमैला व्यवस्थापन, वातावरण सुधार, सार्वजनिक शौचालय, बसपार्क, कृषिबजार, स्थानीय उत्पादन बिक्री केन्द्र, सार्वजनिक उद्यान, जग्गा विकास आयोजना, बहुतले पार्किङ) लगायतका आयोजनामा मिश्रित लगानी विधिमा नेपाल सरकारको अनुदान परिचालन गर्ने गरी सञ्चालनमा रहेको छ । आ.व. ०८०।८१ मा विभिन्न शहरी पुर्वाधारका आयोजनाहरूमा नेपाल सरकारको रु. ६ करोड अनुदान परिचालन गर्ने लक्ष्य रहेकोमा रु. १ करोड ६४ लाख अनुदान परिचालन गरिएको छ ।

आ.व. ०८०।८१ मा यस कार्यक्रमअन्तर्गत शहरी पूर्वाधारका रु. १ अर्ब ३० करोडबराबरका ६ ओटा आयोजनामा रु. १२ करोड ६३ लाख १५ हजार अनुदान स्वीकृत गरिएको छ । यस आ.व.मा स्वीकृत आयोजनाको विस्तृत विवरण तालिका नं. १ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १ : आ.व. २०८०।८१ मा स्वीकृत भएका आयोजना**

| सि.नं. | आयोजनाको नाम | नगरपालिका | आयोजना लागत | कोषको स्वीकृत ऋण | कोषको स्वीकृत अनुदान |
|---|---|---|---|---|---|
| १ | वालिङ, बसपार्क | वालिङ, स्याङ्जा | १२२,७५७,००० | ६७,५१६,३५० | १२,२७५,७०० |
| २ | बहुउद्देश्यीय भवन तथा आधुनिक वधशाला (फेज-१) | ईश्वरपुर, सर्लाही | ४५,०१७,००० | २४,७५९,३५० | ६,७५२,५५० |
| ३ | कागेश्वरी-मनोहरा बहुउद्देश्यीय कार्यालय भवन (फेज-१), काठमाडौं | काठमाडौं | ३५१,७९४,१०९ | १०४,७०९,८०० | १६,१०९,२०० |
| ४ | खाँडाचक्र बहुउद्देश्यीय भवन | खाँडाचक्र, कालिकोट | २५५,३३५,००० | ८९,३६७,२५० | ३८,३००,२५० |
| ५ | दुहबी बहुउद्देश्यीय भवन | दुहबी, सुनसरी | ३२८,४२९,००० | १६४,२१४,५०० | ३२,८४२,९०० |
| ६ | उर्लाबारी बसपार्क | उर्लाबारी, मोरङ | २००,३४७,००० | १२०,२०८,२०० | २०,०३४,७०० |
| | | **जम्मा** | **१,३०३,६७९,१०९** | **५७०,७७५,४५०** | **१२६,३१५,३००** |

### (२) प्राविधिक सहयोग तथा परामर्श सेवा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत नरपालिकाको सामाजिक पूर्वाधार, वातावरणीय सुधार तथा आयमूलक आयोजनाको सम्भाव्यता अध्ययन, सुपरिवेक्षण तथा स्थानीय तह र खानेपानी उपभोक्ता संस्थाहरूको क्षमता विकासका लागि विभिन्न कार्यक्रमअन्तर्गत रु. ३ करोड ६१ लाख बजेट विनियोजन गरिएकोमा नगरपालिकाका विभिन्न सम्भावित आयोजनाको अध्ययन र निर्माणाधीन आयोजनाको सुपरिवेक्षणका लागि रु. ९६ लाख ६३ हजार र नगरपालिका

तथा खानेपानी तथा सरसफाइ आयोजनाको क्षमता अभिवृद्धिका लागि रु. ७० लाख ७३ हजार अनुदान गरी कुल रु. १ करोड ६७ लाख ३७ हजार अनुदान परिचालन गरिएको छ ।

### २.२ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Development Project–UIDP)

नगरपालिकाहरूमा आर्थिक पूर्वाधारका विकास एवम् नगरपालिकाका निमित्त दिगो आम्दानीको स्रोत बन्न सक्ने आयोजनाका लागि आयोजनाको कुल लागतमा नगरपालिकाको समेत सहलगानी हुने गरी शहरी पूर्वाधार विकास कार्यक्रम आ.व. ०७५/७६ देखि नेपाल सरकारको ऋण सहयोगमा सञ्चालन भइरहेको छ ।

यस कार्यक्रमअन्तर्गत विभिन्न नगरपालिकाहरूको आर्थिक पूर्वाधारका आयोजनाहरूका लागि हालसम्म रु. ४ अर्ब ८० करोडबराबरका आयोजनाहरू स्वीकृत गरी आ.व. ०८०/८१ को अन्त्यसम्ममा रु. १ अर्ब ५४ करोड ऋण लगानी गरिसकिएको छ ।

आ.व. २०८०/८१ मा नेपाल सरकारबाट विनियोजित रु. ६१ करोड र कोषको इक्विटीबाट रु. ४७ करोड ३४ लाख ५१ हजारसमेत गरी रु. १ अर्ब ८ करोड ३४ लाख लगानी गर्ने लक्ष्य राखिएकोमा रु. ३५ करोड ८० लाख ९० हजार लगानी भई लक्ष्यको ३३ प्रतिशत प्रगति भएको छ ।

आ.व. २०८०/८१ मा यस कार्यक्रमअन्तर्गत शहरी पूर्वाधारका रु. १ अर्ब ३० करोडबराबरका ६ ओटा आयोजनामा रु. ५७ करोड ऋण स्वीकृत गरिएको छ ।

यस आ.व.मा वैरनी जग्गा विकास आयोजनाको प्रथम चरण सम्पन्न भएको छ ।



*(शहरी पूर्वाधार विकास आयोजनाअन्तर्गत विराटनगर महानगरपालिकामा सम्पन्न वीरेन्द्र सभागृह)*



*(शहरी पूर्वाधार विकास आयोजनाअन्तर्गत हेटौंडा उपमहानगरपालिकामा निर्माणाधीन हेटौंडा बस टर्मिनल भवन आयोजना)*

**तालिका नं. २: आ.व. ०८०।८१ मा शहरी पूर्वाधार विकास आयोजनाअन्तर्गत स्वीकृत भएको आयोजना**

| सि.नं. | आयोजनाको नाम | नगरपालिका | आयोजना लागत | कोषको स्वीकृत ऋण |
|---|---|---|---|---|
| १ | वालिङ, बसपार्क | वालिङ, स्याङ्जा | १२२,७५७,००० | ६७,५१६,३५० |
| २ | बहुउद्देश्यीय भवन तथा आधुनिक वधशाला (फेज-१) | ईश्वरपुर, सर्लाही | ४५,०१७,००० | २४,७५९,३५० |
| ३ | कागेश्वरी मनोहरा बहुउद्देश्यीय कार्यालय भवन (फेज-१), काठमाडौं | काठमाडौं | ३५१,७९४,१०९ | १०४,७०९,८०० |
| ४ | खाँडाचक्र बहुउद्देश्यीय भवन | खाँडाचक्र, कालिकोट | २५५,३३५,००० | ८९,३६७,२५० |
| ५ | दुहबी बहुउद्देश्यीय भवन | दुहबी, सुनसरी | ३२८,४२९,००० | १६४,२१४,५०० |
| ६ | उर्लाबारी बसपार्क | उर्लाबारी, मोरङ | २००,३४७,००० | १२०,२०८,२०० |
| | | जम्मा | **१,३०३,६७९,१०९** | **५७०,७७५,४५०** |



*(शहरी पूर्वाधार विकास आयोजनाअन्तर्गत कमलामाई नगरपालिकामा निर्माणाधीन सभाहल)*



*(शहरी पूर्वाधार विकास आयोजनाअन्तर्गत भेरीगङ्गा नगरपालिकामा निर्माणाधीन छिन्चु बसपार्क आयोजनाको डिजाइन नक्सा)*

## तालिका नं. ३: आ.व. ०८०।८१ मा शहरी पूर्वाधार विकास आयोजनाअन्तर्गत चालू आयोजना

| सि. नं. | आयोजनाको नाम | नगरपालिका | आयोजना लागत | कोषको स्वीकृत ऋण | आ.व. ०८०।८१ को ऋण लगानी | आ.व. ०८०।८१ सम्मको ऋण लगानी | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| १ | बेलबारी सपिङ कम्प्लेक्स एन्ड स्थानीय उत्पादन केन्द्र | बेलबारी, मोरङ | २००,९८०,००० | १४०,६८६,००० | – | ४०,४२४,८६६ | ७०% |
| २ | वीरेन्द्र सभा गृह | विराटनगर, मोरङ | २७७,९२५,००० | १११,१७०,००० | १८,४९५,६७१ | ७७,२५५,५७० | ८०% |
| ३ | कमलामाई सिटी हल | कमलामाई, सिन्धुली | १६४,६८८,०४५ | ११५,२८१,६३२ | १४,५६३,४२५ | ६१,५७४,९१२ | ८०% |
| ४ | तुलसीपुर व्यावसायिक भवन | तुलसीपुर, दाङ | १४४,२७०,६२३ | १००,९८९,४३६ | २६,७३५,१२२ | ७७,१७१,४०२ | ६०% |
| ५ | हेटौंडा बसपार्क / टर्मिनल कम्पेक्स | हटौंडा, मकवानपुर | ३४४,९९७,००० | २०६,९९८,२०० | – | १२८,०८८,६५३ | ८५% |
| ६ | देको मेवा इतापके जग्गा विकास आयोजना | भक्तपुर | २७३,६६२,००० | २००,०००,००० | – | ७०,४५४,८७१ | २०% |
| ७ | सातदोबाटो सपिङ कम्प्लेक्स | भीमेश्वर, दोलखा | १२१,०७७,८८६ | ९०,८०८,४१४ | ४२,७७१,८०५ | ९६,०७१,३१० | ८०% |
| ८ | व्यास सपिङ कम्प्लेक्स | व्यास, तनहुँ | २८८,५४४,००० | २०१,९८०,८०० | – | – | न.पा. बाट खरिद प्रक्रियामा |
| ९ | जलेश्वर बसपार्क | जलेश्वर, महोत्तरी | १५२,०९६,००० | ११४,०७२,००० | १२,०६३,३७३ | ३०,८१३,३७३ | ५०% |
| १० | दशरथचन्द बहुउद्देश्यीय भवन | दशरथचन्द, बैतडी | ४६,६२०,००० | ३०,३०३,००० | – | १२,७०७,७६९ | ८०% |
| ११ | बुधवारे कृषि बजार | बुधबारे, सुन्दरहरैचा | १४२,६८८,००० | ११४,१५०,४०० | ३६,२३१,८९७ | ५२,६९१,५२४ | ६०% |
| १२ | गुजरा बहुउद्देश्यीय भवन | गुजरा, रौतहट | ८८,३३१,००० | ५२,९९८,६०० | | ४५,६६५,३२२ | ९५% |
| १३ | कोल्हबी हाट बजार | कोल्हबी, बारा | १७२,८७३,००० | १२९,६५४,७५० | ३७,४६७,८०८ | १०९,०९५,०५४ | ९५% |
| १४ | छिन्चु बसपार्क | भेरीगङ्गा, सुर्खेत | १८५,८२०,००० | १३०,०७४,००० | १२,०२७,०४३ | २५,५७२,७५१ | ५०% |
| १५ | इटहरी बसपार्क | इटहरी, सुनसरी | १६२,२१८,००० | ११३,५५२,६०० | ३०,०९२,५१६ | ३०,०९२,५१६ | ५०% |
| १६ | पाल्पा बसपार्क | पाल्पा, तानसेन | २४९,०१७,००० | १७४,३११,९०० | २६,२३२,४४८ | २६,२३२,४४८ | ५०% |
| १७ | दमक सपिङ कम्प्लेक्स | दमक, झापा | ६११,४३४,००० | ४२८,००३,८०० | | १३,३३४,५८७ | २०% |
| १८ | वैरनी जग्गा विकास आयोजना | व्यास, तनहुँ | १३०,०७२,००० | ९१,०५०,४०० | ६,७६५,३३५ | ९,४६०,३४९ | २०% |
| १९ | बुटवल आधुनिक बहुतले पार्किङ भवन | बटवल, रूपन्देही | ३०४,०४२,००० | १९७,६२७,३०० | – | – | न.पा. बाट खरिद प्रक्रियामा |
| २० | वालिङ, बसपार्क | वालिङ, स्याङ्जा | १२२,७५७,००० | ६७,५१६,३५० | २,७४१,५०० | २,७४१,५०० | ८०% |
| २१ | बहुउद्देश्यीय भवन तथा आधुनिक बधशाला (फेज-१) | ईश्वरपुर, सर्लाही | ४५,०१७,००० | २४,७५९,३५० | १४,७९०,६७९ | १४,७९०,६७९ | १०% |
| २२ | कागेश्वरी मनोहरा बहुउद्देशीय कार्यालय भवन (फेज (१), काठमाडौं । | काठमाडौं | ३५१,७९४,१०९ | १०४,७०९,८०० | ७७,१११,०१९ | ७७,१११,०१९ | ८०% |
| २३ | खाँडाचक्र बहुउद्देशीय भवन | खाँडाचक्र, कालिकोट | २५५,३३५,००० | ८९,३६७,२५० | – | – | न.पा. बाट खरिद प्रक्रियामा |
| २४ | दुहबी बहुउद्देश्यीय भवन | दुहबी, सुनसरी | ३२८,४२९,००० | १६४,२१४,५०० | – | – | १०% |
| २५ | उर्लाबारी बसपार्क | उर्लाबारी, मोरङ | २००,३४७,००० | १२०,२०८,२०० | – | – | न.पा. बाट खरिद प्रक्रियामा |
| | | **जम्मा** | **५,३५०,०३४,६६३** | **३,३१४,४८८,६८२** | **३५८,०८९,६४१** | **१०१,३५०,४७९** | |

## २.३ शहरी खानेपानी तथा सरसफाइ (क्षेत्र) आयोजना (Urban Water Supply and Sanitation Sector Project –UWSSSP)

नेपालका विभिन्न शहरहरूमा सुरक्षित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन नगर विकास कोषबाट २५ प्रतिशतसम्म ऋण, उपभोक्ताबाट ५ प्रतिशत र नेपाल सरकारबाट ७० प्रतिशत अनुदान लगानी हुने गरी सञ्चालन भइरहेको यस आयोजनाको कुल लगानी १७ करोड ८५ लाख अमेरिकी डलरमध्ये छनोट भएका २० ओटा आयोजनाका लागि कोषमार्फत १ करोड ९० लाख अमेरिकी डलर (अर्थात् करिब १ अर्ब ९० करोड) ऋण लगानी हुने प्रावधान रहेको छ । एसियाली विकास बैङ्कको सहयोगमा खानेपानी तथा ढल व्यवस्थापन विभागसँगको समन्वयमा सन् २०१९ देखि सञ्चालित यो अयोजना सन् २०२५ अप्रिलमा सम्पन्न हुन गइरहेको छ ।

आ.व. २०८०/८१ मा शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत चालू अवस्थामा रहेका २० ओटा आयोजना र साना शहरी खानेपानी तथा सरसफाइ आयोजना प्रथम, दोस्रो र तेस्रो चरणअन्तर्गतका १२ ओटा आयोजनाको स्तरोन्नतिका लागि रु. ६० करोड लगानी गर्ने लक्ष्य रहेकोमा आ.व. २०८०/८१ मा शहरी खानेपानी आयोजनातर्फ रु. २३ करोड ९२ लाख र प्रथम, दोस्रो र तेस्रो खानेपानी आयोजनाको स्तरोन्नतितर्फ रु. १ करोड २ लाख गरी रु. २४ करोड ९४  लाख लगानी भई लक्ष्यको ४२ प्रतिशत प्रगति भएको छ ।

यस शहरी खानेपानी सरसफाइ आयोजना अन्तर्गत २० वटा आयोजनामध्ये १७ वटा आयोजनाहरू सञ्चालन तथा व्यवस्थापनको चरणमा रहेका छन् भने बाँकि ३ वटा आयोजनाहरू सम्पन्नताको अन्तिम चरणमा रहेका छन् ।

यस आ.व. मा शहरी खानेपानी तथा सरसफाइ आयोजनाको श्रोत परिचालन हुनेगरी साना शहरी खानेपानी तथा सरसफाइ आयोजना प्रथम, दोस्रो र तेस्रो चरणअन्तर्गतका आयोजनाको स्तरोन्नतिका १२ ओटा आयोजनाका लागि रु. ६ करोड ऋण स्वीकृत गरिएको छ ।

**तालिका नं. ४: आ.व. ०८०/८१ मा शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत स्वीकृत भएको आयोजना**

| सि.नं. | आयोजनाको नाम | आयोजनाको लागत | स्वीकृत ऋण (२५%) |
|---|---|---|---|
| १ | फिक्कल खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | ९,८७०,००० | २,४६७,५०० |
| २ | लमही खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | २९,८९९,००० | ७,४७४,७५० |
| ३ | टीकापुर खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | ६,६४९,००० | १,६६२,२५० |
| ४ | सुडा टाउन खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १८,७४७,००० | ४,६८६,७५० |
| ५ | दुहबी खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १७,१५७,००० | ४,२८९,२५० |
| ६ | आदर्शनगर, कञ्चनपुर खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | ३७,१००,००० | ९,२७५,००० |
| ७ | मुसीकोट, खलङ्गा खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १३,३८२,००० | ३,३४५,५०० |
| ८ | आँबुखैरेनी खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १३,६२०,००० | ३,४०५,००० |
| ९ | इन्द्रपुर खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १९,३३०,००० | ४,८३२,५०० |
| १० | निर्मलपोखरी, बागमारा, पुडी खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १४,७०६,००० | ३,६७६,५०० |
| ११ | कावासोती खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | ३८,०४८,००० | ९,५१२,००० |
| १२ | रत्ननगर खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | २०,५४९,००० | ५,१३७,२५० |
| | **जम्मा** | **२३९,०५७,०००** | **५९,७६४,२५०** |

## तालिका नं. ५: आ.व. ०८०।८१ मा शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत चालू आयोजना


| सि. नं. | आयोजनाको नाम | आयोजना लागत | कोषको स्वीकृत ऋण | आ.व. ०८०।८१ को लगानी | आ.व. ०८०।८१ सम्मको लगानी | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | चरिकोट शहरी खानेपानी तथा सरसफाइ आयोजना | ७१८,२३५,००० | १७९,५५८,७५० | - | १७८,४८४,०१८ | |
| २ | सिलुचुङ शहरी खानेपानी तथा सरसफाइ आयोजना | ४९७,९९८,००० | १२४,४९९,५०० | - | ११८,०८३,०२७ | |
| ३ | इलाम शहरी खानेपानी तथा सरसफाइ आयोजना | ५७९,५०७,००० | १४४,८७६,७५० | ८,६५५,१७६ | १३४,८०४,६८९ | |
| ४ | रम्बाखोला माझीखोला शहरी खानेपानी तथा सरसफाइ आयोजना | २२५,५५८,००० | ५६,३८९,५०० | - | ४७,१२५,३७९ | |
| ५ | चैनपुर शहरी खानेपानी तथा सरसफाइ आयोजना | २१७,३०९,००० | ५४,३२७,२५० | ५,०८०,५५२ | ४६,२८३,०७९ | |
| ६ | लिवाङ शहरी खानेपानी तथा सरसफाइ आयोजना | ३१५,२४२,००० | ७८,८१०,५०० | - | ७२,९७८,४७२ | |
| ७ | शुभघाट शहरी खानेपानी तथा सरसफाइ आयोजना | ६२४,८९२,००० | १५६,२२३,००० | | १४९,२४८,७०० | |
| ८ | प्रगतिनगर शहरी खानेपानी तथा सरसफाइ आयोजना | २९४,९९६,००० | ७३,७४९,००० | १५,०८०,३३५ | ६२,३३४,४२५ | सञ्चालन र व्यवस्थापन चरणमा |
| ९ | सिद्धनाथ बैजनाथ शहरी खानेपानी तथा सरसफाइ आयोजना | २०९,४४१,००० | ५२,३६०,२५० | | ४६,०६८,४५६ | |
| १० | खलङ्गा शहरी खानेपानी तथा सरसफाइ आयोजना | २९२,६६६,००० | ७२,३०५,००० | १२,०५०,८५५ | ६०,४९८,७१५ | |
| ११ | दधिकोट शहरी खानेपानी तथा सरसफाइ आयोजना | ५८६,४४७,८८० | १४६,६११,९७० | ३३,९७०,३६७ | १४०,४०६,२३४ | |
| १२ | शारदानगर शहरी खानेपानी तथा सरसफाइ आयोजना | ३३४,१६६,०५८ | ८३,५४१,५१५ | | ८३,५४१,५१४ | |
| १३ | कञ्चनरूप शहरी खानेपानी तथा सरसफाइ आयोजना | ४३९,६५३,००० | १०९,९१३,२५० | | १०३,२४२,९६३ | |
| १४ | गोर्ख्रसिँगे शहरी खानेपानी तथा सरसफाइ आयोजना | १९१,०५७,००० | ४७,७६४,२५० | १४,१४२,६८२ | ४१,७५४,८७३ | |
| १५ | हुप्से देउराली शहरी खानेपानी तथा सरसफाइ आयोजना | ८६७,४४०,००० | २१६,८६०,००० | १५,३७८,८४३ | २१६,८६०,००० | |
| १६ | झुम्का शहरी खानेपानी तथा सरसफाइ आयोजना | ३६४,४२३,००० | ९१,१०५,७५० | | ७१,२५८,८३८ | ८५% |
| १७ | पूर्णागिरि शहरी खानेपानी तथा सरसफाइ आयोजना | २१२,८४८,००० | ५३,२१२,००० | १७,४६७,६४३ | २८,८३९,४८१ | ८०% |
| १८ | सप्तकोशी शहरी खानेपानी तथा सरसफाइ आयोजना | ४६८,९९४,००० | ११७,२४८,५०० | ३१,४७९,५६६ | ५७,९७१,३६० | ६०% |
| १९ | पाँचखाल शहरी खानेपानी तथा सरसफाइ आयोजना | १,६३२,६४५,००० | ४०८,१६१,२५० | ५५,४४०,४१४ | ३६१,१८२,४५८ | ९५% |
| २० | डाँछी (भद्रबास) शहरी खानेपानी तथा सरसफाइ आयोजना, काठमाडौं | ५७८,९५२,००० | १४४,७३८,००० | ३०,४९६,६०३ | ८०,२४०,९५३ | ७०% |
| २१ | सुडा टाउन खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १८,७४७,००० | ४,६८६,७५० | ३,१८३,४९७ | ३,१८३,४९७ | |
| २२ | दुहबी खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १७,१५७,००० | ४,२८९,२५० | ७७०,०६१ | ७७०,०६१ | |
| २३ | आदर्शनगर, कञ्चनपुर खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | ३७,१००,००० | ९,२७५,००० | ५,४६०,९७४ | ४,१९१,२२३ | |
| २४ | मुसीकोट, खलङ्गा खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १३,३८२,००० | ३,३४५,५०० | - | - | लगानी सम्झौता सम्पन्न |
| २५ | आँबुखैरेनी खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १३,६२०,००० | ३,४०५,००० | - | - | |
| २६ | फिक्कल खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | ९,८७०,००० | २,४६७,५०० | - | - | |
| २७ | लमही खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | २९,८९९,००० | ७,४७४,७५० | ७२०,००० | ७१९,९०० | |
| २८ | टीकापुर खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | ६,६४९,००० | १,६६२,२५० | - | - | |
| २९ | इन्द्रपुर खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १९,३३०,००० | ४,८३२,५०० | - | - | |
| ३० | निर्मलपोखरी, बागमारा, पुडी खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | १४,७०६,००० | ३,६७६,५०० | -- | - | लगानी सम्झौताको प्रक्रियामा |
| ३१ | कावासोती खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | ३८,०४८,००० | ९,५१२,००० | | - | |
| ३२ | रत्ननगर खानेपानी तथा सरसफाइ आयोजना स्तरोन्नति | २०,५४९,००० | ५,१३७,२५० | - | - | |
| | **जम्मा** | **९,८९१,५२६,९३९** | **२,४७२,०२०,२३५** | **२४९,३७७,५६८** | **२,११०,०७२,३१५** | |

# नगर विकास कोषको आयोजना



## सञ्चालन भएका नगरपालिका तथा साना शहरहरू

| विवरण | नगरपालिकाको सङ्ख्या | साना शहर खानेपानी र सरसफाइ क्षेत्र परियोजनाको सङ्ख्या |
|---|---|---|
| कोशी प्रदेश | २२ | २५ |
| मधेश प्रदेश | १९ | ९ |
| बागमती प्रदेश | १९ | १४ |
| गण्डकी प्रदेश | ७ | २६ |
| लुम्बिनी प्रदेश | १५ | १७ |
| कर्णाली प्रदेश | ४ | ७ |
| सुदूरपश्चिम प्रदेश | ७ | १४ |
| जम्मा | ९३ | ११२ |





*(शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत सम्पन्नको अन्तिम चरणमा रहेको पाँचखाल खानेपानी तथा सरसफाइ आयोजना)*

## २.४ खानेपानी तथा सरसफाइ कार्यक्रम (सहलगानी)

### (क) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थातर्फ

नेपाल सरकारले छनोट गरेका साना शहरमा खानेपानी आपूर्तिका आयोजना सञ्चालनका लागि नेपाल सरकारको अनुदान, कोषको ऋण तथा उपभोक्ता संस्थाको सहलगानीमा यो कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रममा कोषबाट बढीमा २५ प्रतिशत ऋण लगानी, उपभोक्ताबाट ५ प्रतिशत नगद योगदान र नेपाल सरकारबाट ७० प्रतिशत अनुदान लगानी हुने व्यवस्था रहेको छ ।

**तालिका नं. ६: आ.व. ०८०।८१ मा सहलगानी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थातर्फ स्वीकृत भएको आयोजना**

| आयोजनाको नाम | आयोजनाको लागत | न.वि. कोष (२५% ऋण) |
|---|---|---|
| उर्लाबारी बृहत् सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | २८२,८५०,००० | ३५,३५६,२५० |

आ.व. २०८०।८१ मा यस कार्यक्रमअन्तर्गत कोषको इक्विटी पुँजीबाट खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थातर्फ रु. ३० करोड ९० लाख बजेट विनियोजन गरिएकोमा रु. १७ करोड ४८ लाख लगानी भई लक्ष्यको ५६ प्रतिशत प्रगति भएको छ ।

यस कार्यक्रमअन्तर्गत आ.व. ०८०।८१ मा एउटा नयाँ सहलगानी खानेपानी आयोजनाका लागि रु. ३३ करोड ५४ लाख ऋण स्वीकृत गरिएको छ ।



*(सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत सम्पन्नको अन्तिम चरणमा रहेको तुलसीपुर सहलगानी खानेपानी आयोजनाको ओभरहेड ट्याङ्की)*

## तालिका नं. ७: आ.व. ०८०।८१ मा सहलगानी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थातर्फ चालू आयोजनाहरू

| सि. नं. | आयोजनाको नाम | आयोजनाको लागत | न.वि.कोष (२०%-२५% ऋण) | आ.व. ०८०।८१ को लगानी | आ.व. ०८०।८१ सम्मको लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बागलुङ सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | ३०२,६५१,००० | ७५,६६२,७५० | ३,७२८,८९७ | ७५,०८७,०४४ | |
| २ | बयरघारी सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | ७२,१८४,००० | १८,०४६,००० | - | १२,६७३,२०५ | |
| ३ | उर्लाबारी खानेपानी तथा सरसफाइ आयोजना | १७७,२२१,००० | ३५,४४४,२०० | - | ३५,४४४,२०० | |
| ४ | टङ्की सिनबारी खानेपानी तथा सरसफाइ आयोजना | २७५,५४०,००० | ५५,१०८,००० | ३,१११,५४३ | ५५,१०८,००० | |
| ५ | अत्तरिया सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | १३१,९८८,००० | २६,३९७,६०० | २,९०६,०९० | २६,३९७,६०० | |
| ६ | जुटपानी खानेपानी तथा सरसफाइ आयोजना | १९१,४४३,००० | ४७,८६०,७५० | ७,४४८,७९४ | ४०,८७८,७०२ | |
| ७ | बेलझुन्डी खानेपानी तथा सरसफाइ आयोजना | ३०७,३६५,००० | ६१,४७३,००० | ४,१०८,३०२ | ५३,९९३,२७१ | |
| ८ | बढ्डीचौर खानेपानी तथा सरसफाइ आयोजना | १५९,३७४,००० | ३१,८७४,८०० | ४,६७७,१३६ | २३,१८०,६०८ | |
| ९ | भादगाउँ खानेपानी तथा सरसफाइ आयोजना | १५२,४३६,००० | ३८,१०९,००० | ४,०२३,१३२ | २६,७०८,१०९ | |
| १० | खैरेनीटार खानेपानी तथा सरसफाइ आयोजना | १७३,७२५,००० | ४३,४३१,२५० | १७,६६५,२८३ | २९,६५८,४९४ | |
| ११ | तुलसीपुर खानेपानी तथा सरसफाइ आयोजना | ५६९,०२४,००० | १४२,२५६,००० | २७,१००,२१५ | ५७,७३१,४०६ | |
| १२ | घोराही खानेपानी तथा सरसफाइ आयोजना | ४९८,५४९,००० | १२४,६३७,२५० | ६८,९६२,३३५ | ८४,६०८,४८९ | |
| १३ | मनपाङ खोला सल्यानटार सहलगानी खानेपानी तथा सरसफाइ आयोजना, धादिङ | २३८,५४९,००० | ४७,७०९,८०० | २,२३२,५७४ | ३४,५६२,७०३ | |
| १४ | उर्लाबारी बृहत् सहलगानी खानेपानी तथा सरसफाइ आयोजना | २८२,८५०,००० | ३५,३५६,२५० | २८,८३६,९७९ | २८,८३६,९७९ | |
| | **जम्मा** | **३,५३२,८९९,०००** | **७८३,३६६,६५०** | **१७४,८०१,२८०** | **५८४,८६८,८१०** | |

## (ख) नगरपालिकाहरूतर्फ

नगरपालिकामा खानेपानी आयोजनामा कोषको इक्विटीमा रहेको रकमबाट लगानी गर्ने गरी आ.व. ०८०।८१ मा मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (Secondary Towns Integrated Urban Environmental Improvement Project- STIUEIP) अन्तर्गत काभ्रे उपत्यका (बनेपा, धुलिखेल र पनौती नगरपालिका) एकीकृत खानेपानी आयोजना र अन्य नगरपालिकामा सञ्चालन हुने सहलगानी खानेपानी तथा सरससफाइका आयोजनाका लागि रु. १६ करोड १० लाख बजेट विनियोजन गरिएकामा रु. ३ करोड १४ लाख ५३ हजार मात्र लगानी भएको छ ।

यस कार्यक्रमअन्तर्गतको काभ्रे उपत्यका (बनेपा, धुलिखेल र पनौती नगरपालिका) एकीकृत खानेपानी आयोजना कार्यान्वयनमा आएको समस्याका कारण नगरपालिकाबाट थप ऋण लगानीका लागि माग नगरिएकाले कुनै पनि लगानी हुन सकेन ।

आ.व. ०८०।८१ मा यस कार्यक्रमअन्तर्गत रङ्गेली खानेपानी तथा सरसफाइ आयोजनाका लागि रु. ८३ लाख ९२ हजार ऋण स्वीकृत गरिएको छ ।

### तालिका नं. ८: आ.व. ०८०।८१ मा सहलगानी खानेपानी तथा सरसफाइ आयोजना नगरपालिकातर्फ स्वीकृत भएको आयोजना

| सि.नं. | आयोजनाको नाम | आयोजनाको लागत | न.वि.कोष (२५% ऋण) |
|---|---|---|---|
| १ | रङ्गेली खानेपानी तथा सरसफाइ आयोजना | ९,३२४,००० | ८,३९१,६०० |

### तालिका नं. ९: आ.व. ०८०।८१ मा सहलगानी खानेपानी तथा सरसफाइ आयोजना नगरपालिकातर्फ चालू आयोजना

| सि.नं. | आयोजनाको नाम | आयोजनाको लागत | न.वि.कोष (२०%-२५% ऋण) | आ.व. ०८०।८१ को लगानी | आ.व. ०८०।८१ सम्मको लगानी | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | धादिङबेंसी सहलगानी खानेपानी तथा सरसफाइ आयोजना धादिङमा | २९४,००४,००० | ७३,५०१,००० | ३०,७१७,७६७ | ३०,७१७,७६७ | ४५% |
| २ | रङ्गेली खानेपानी तथा सरसफाइ आयोजना | ९,३२४,००० | ८,३९१,६०० | ७३५,००० | ७३५,००० | ५५% |
| | **जम्मा** | **३०३,३२८,०००** | **८१,८९२,६००** | **३१,४५२,७६७** | **३१,४५२,७६७** | |



*(सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत सम्पन्नको अन्तिम चरणमा रहेको घोराही सहलगानी खानेपानी आयोजनाको संरचना)*

## २.५ नयाँ कार्यक्रम

**(क) शहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना (Urban Resilience and and Livability Improvement Project -URLIP)**

शहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना (Urban Resilience and Livability Improvement Project -URLIP) नगरपालिकाको पूर्वाधार विकास तथा शासन व्यवस्थामा सुधार गरी समावेशी आर्थिक वृद्धि र जीवनयापनमा सुधार ल्याउने उद्देश्यले सञ्चालन गर्ने गरी नेपाल सरकार र एसियाली विकास बैङ्कबीच जनवरी १७, २०२४ मा ऋण एवम् अनुदान सम्झौता सम्पन्न भएको छ । उक्त कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार, एसियाली विकास बैङ्क, नगर विकास कोष र सहभागी पालिका (पोखरा महानगरपालिका, जनकपुरधाम उपमहानगरपालिका, देवदह, सैनामैना, लुम्बिनी सांस्कृतिक, सिद्धार्थनगर तथा तिलोत्तमा नगरपालिका)बीच आयोजना सम्झौता एवम् उपआयोजना सम्झौता सम्पन्न भइसकेको छ ।


आयोजनाको कुल लागत २०७.५ मिलियन अमेरिकी डलरमध्ये सहभागी नगरपालिकामा सञ्चालन हुने आयोजनाको Civil Works तर्फको १८ प्रतिशतसम्मको लागत नगर विकास कोषबाट सम्बन्धित नगरपालिकाहरूमा ऋण लगानी हुनेछ । नेपाल सरकार, अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र नगर विकास कोषबीच मिति २०८१ जेठ ३० मा कोषलाई अमेरिकी डलर २३,१५०,००० बराबरको रकम नेपाली मुद्रामा सहायक ऋणका रूपमा उपलब्ध गराउने सम्बन्धमा सहायक ऋण सम्झौता सम्पन्न गरिएको छ ।



*(शहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना (Urban Resilience and Livability Improvement Project -URLIP) सञ्चालन गर्ने सम्बन्धमा मिति २०८० माघ ३ गते अर्थ मन्त्रालयमा वित्तीय सम्झौता कार्यक्रम)*

**(ख) नयाँ शहर आयोजना**

शहरी विकास तथा भवन निर्माण विभागबाट कार्यान्वयनमा रहेको नयाँ शहर आयोजनाअन्तर्गतका जग्गा एकीकरण आयोजना (Land Pooling Project) हरूमा नगर विकास कोषको ऋणसमेत परिचालन गरी आयोजनाको दिगोपना, प्रतिफलमुखी तथा सेवा प्रवाहको सुनिश्चिततासहित प्रभावकारी कार्यान्वयन गर्ने मुख्य उद्देश्य राखी शहरी विकास तथा भवन निर्माण विभाग, नयाँ शहर आयोजना समन्वय कार्यालय र नगर विकास कोषबीच Memorandum of Understanding (MoU) सम्पन्न भएको छ ।



*(नयाँ शहर आयोजना समन्वय कार्यालय र नगर विकास कोषबीच समझदारीपत्रको हस्ताक्षर कार्यक्रम)*

## २.६ वैदेशिक सहायताअन्तर्गतका प्रस्तावित कार्यक्रम

- एकीकृत शहरी खानेपानी तथा सरसफाइ आयोजना (Integrated Urban Water Supply and Sanitation Sector Project -IUWSSSP): एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालन हुने एकीकृत शहरी खानेपानी तथा सरसफाइ आयोजनाको अवधारणा तथा आयोजनाको सञ्चालन तथा व्यवस्थापनका लागि प्रस्तावित संस्थागत संरचना सम्बन्धमा कोष र एडिबीबीच छलफल भई आवश्यक प्रक्रियागत कार्य अगाडि बढाइएको ।
- फिनल्यान्ड सरकारको Public Investment Facility (PIF) को स्रोत कोषबाट Solid Waste Water Treatment तथा Faecal Sludge Management आयोजनाहरूमा परिचालन गर्ने सम्बन्धमा प्रस्ताव शहरी विकास मन्त्रालयमार्फत अर्थ मन्त्रालयमा पेस गरिएको ।
- World Bank Group अन्तर्गतको International Finance Corporation (IFC) सँगको सहकार्यमा ६ ओटा महानगरपालिकामा शहरी पूर्वाधार विकास तथा निर्माणका लागि निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न आवश्यक तयारीका लागि कोषबाट प्राविधिक सहयोग परिचालन गर्नेसम्बन्धी प्रस्ताव International Finance Corporation (IFC) शहरी विकास मन्त्रालयमार्फत आवश्यक सहमतिका लागि अर्थ मन्त्रालय पेस गरिएको ।

# ३. नगर विकास कोष र अन्तर्राष्ट्रिय सङ्घ-संस्थाको सहकार्यमा सञ्चालित कार्यक्रमहरू

## ३.१ नगरपालिका वित्त तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम

युरोपियन युनियनको वित्तीय सहयोगमा सञ्चालित नगरपालिका वित्त तथा क्षमता विकास कार्यक्रम (MFCB) नगरपालिकाहरू र नगर विकास कोषको वित्तीय क्षमता अभिवृद्धि तथा स्थानीय आर्थिक विकास र जलवायु संवर्द्धन गर्ने पूर्वाधार निर्माणका नवीनतम लगानी विधि अपनाउने क्षमताको विकास गर्ने उद्देश्य राखी सहभागी १५ ओटा नगरपालिकाहरू (भद्रपुर, मेचीनगर, इटहरी, धरान, जनकपुर, हरिवन, हेटौंडा, धुलिखेल, गोरखा, तानसेन, बुटवल, तुल्सीपुर, वीरेन्द्रनगर, धनगढी र भीमदत्त)मा सञ्चालन भइरहेको छ ।

यस कार्यक्रमको कार्यान्वयनका लागि ३१ डिसेम्बर २०१८ मा नगर विकास कोष र युरोपियन युनियनबीच सम्झौता सम्पन्न गरिएको थियो । कार्यक्रमको अवधि २ वर्ष थप भई डिसेम्बर २०२४ सम्म सञ्चालनमा रहने गरी कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । यस कार्यक्रम सञ्चालनका लागि डेलिगेसन अफ द युरोपियन युनियन टु नेपालले युरो १,९९६,१९१ (९४.३१ %) र नगर विकास कोषले युरो १२०,४६३ (५.६९ %) व्यहोर्ने लक्ष्य रहेको छ । हालसम्म यस कार्यक्रमअन्तर्गत स्थानीय तहहरूका वित्त क्षमता विकासमा युरो १२,०३,८८५ बराबरको प्राविधिक सहायता परिचालन गरिएको छ ।

यस कार्यक्रमअन्तर्गत नगरपालिकाको वित्तीय क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने गरी आ.व. २०८०।८१ मा रु. १२ करोड ५० लाख बजेट विनियोजन गरिएकोमा रु. ५ करोड ७० हजार परिचालन भएको छ । आ.व. ०८०।८१ मा मुख्य रूपमा सञ्चालित कार्यक्रमहरू देहायबमोजिम रहेका छन् :

- विभिन्न १७ ओटा शहरी पूर्वाधारका Bankable Project को विस्तृत अध्ययन प्रतिवेदन अन्तिम चरणमा कार्य भइरहेको ।
- नगरपालिकाको सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउन पाइलोटिङका रूपमा धरान, हरिवन, धुलिखेल र धनगढी नगरपालिकाका लागि एकीकृत नगर सेवा प्रणाली (ICT-Based Municipal Service Delivery System) विकास भई सम्बन्धित नगरपालिकामा उक्त प्रणाली हस्तान्तरण गरिएको छ । उक्त एकीकृत नगर सेवा प्रणालीलाई ७५३ स्थानीय सरकारहरूमा नै कार्यान्वयन गर्न आवश्यक सहजीकरणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोधसमेत गरिएको छ ।





*(धुलिखेल नगरपालिकामा ICT-Based Municipal Service Delivery System को शुभारम्भ कार्यक्रम)*
*(धुलिखेल नगरपालिका नगर प्रमुख श्री अशोककुमार ब्यान्जु श्रेष्ठ र European Union -EU Head of Unit-Asia Pacific- International Partnerships का Mr Mario Ronconi)*

- सहभागी १५ ओटा नगरपालिका (भद्रपुर, मेचीनगर, इटहरी, धरान, जनकपुर, हरिवन, हेटौंडा, धुलिखेल, गोरखा, तानसेन, बुटवल, तुलसीपुर, वीरेन्द्रनगर, धनगढी र भीमदत्त)का सूचना अधिकारी तथा सूचना प्रविधि अधिकृतज्यूहरूलाई स्थानीय तहमा सूचना र सञ्चार प्रविधि विकासका लागि गरिएका प्रयास, सफलताका साथै चुनौतीका सम्बन्धमा 'राजस्व सङ्कलन र सेवा वितरण प्रणालीमा ICT को कार्यान्वयन'सम्बन्धी प्रशिक्षण कार्यक्रमको आयोजना छ ।



*(राजस्व सङ्कलन र सेवा वितरण प्रणालीमा ICT को कार्यान्वयनसम्बन्धी प्रशिक्षण कार्यक्रम)*

- पूर्वाधार विकास प्रणालीसँग सम्बन्धित नीतिहरू संस्थागत प्रक्रिया, क्षमता विकास, कामको वातावरण, कार्यक्रम र बजेट तर्जुमा, सेवा प्रवाह, अनुगमन तथा मूल्याङ्कन र अनुसन्धानको कार्यमा स्थानीय तहका महिला नगर प्रमुख र उपप्रमुखहरूको भूमिकालाई प्रभावकारी बनाउन लैङ्गिक समानता र समावेशी सार्वजनिक नीतिहरूसम्बन्धी अन्तरक्रिया कार्यक्रमको आयोजना छ ।



*(लैङ्गिक समानता र समावेशी सार्वजनिक नीतिहरूसम्बन्धी अन्तरक्रिया कार्यक्रम)*

## ३.२ संयुक्त राष्ट्र पुँजी विकास कोषसँगको सहकार्य (United Nations Capital Development Fund)

नगरपालिका र नगर विकास कोषसमेतको वित्तीय व्यवस्थापन क्षमता विकास गरी पूर्वाधार विकासका लागि पुँजीगत लगानीका विभिन्न नवीनतम विधिहरू अवलम्बन गर्नका निमित्त नगर विकास कोष र संयुक्त राष्ट्र पुँजी विकास कोष (UNCDF) बीच आवश्यक सहकार्यका लागि मिति २५ मङ्सिर २०७४ (11 December 2017) मा समझदारी भई साझेदारी कार्यक्रमको २ वर्षे अवधि सम्पन्न भई थप मिति ३१ अगस्ट २०२४ सम्म कार्यान्वयन हुने गरी सञ्चालनमा रहेको ।

यस कार्यक्रमअन्तर्गत नगरपालिकाहरूमा शहरी पूर्वाधार विकासमा पुँजीगत लगानीका लागि आयोजना विकास तर्जुमा, व्यवस्थापन तथा राजस्व अभिवृद्धिका साथसाथै नगर विकास कोषको संस्थागत विकासका निमित्त संयुक्त राष्ट्र पुँजी विकास कोषबाट प्राविधिक सहयोग परिचालन भएको छ ।

## ३.३ हरित जलवायु कोष (Green Climate Fund)

नेपाल सरकार, अर्थ मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय निकाय National Designated Authority-NDA को हरित जलवायु कोष प्राविधिक समितिको मिति २०७४।०७।१९ को निर्णयअनुसार नगर विकास कोषलाई Direct Access Entity का लागि आवेदन गर्न छनोट भएको थियो ।

हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त गरी जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका पूर्वाधार विकासका लागि नगर विकास कोषमार्फत अनुदान, सरल ऋण (Concessional Loan) र ग्यारेन्टी (Guarantee) का रूपमा प्रतिआयोजनाका लागि अमेरिकी डलर ५० देखि २५० मिलियनसम्मका आयोजनाका लागि स्रोत पहुँच गर्न सकिने अवसर प्राप्त हुनेछ ।

कोष हरित जलवायु कोषको मानक संस्था (Accreditation Institution) का रूपमा स्थापित गर्ने कार्यको प्रथम चरण सम्पन्न भई दोस्रो चरणको प्रक्रियामा रही GCF को Readiness and Preparatory Support Programme अन्तर्गत मान्यता प्राप्तिको आवेदन प्रक्रियालाई तीव्र पार्न तथा आयोजना विकासका लागि प्राविधिक सहयोग प्राप्त भइरहेको ।

आ.व. ०८०।८१ मा स्थानीय तहमा जलवायु अनुकूलनका आयोजनामा लगानी विस्तार गर्न GCF को स्रोत परिचालन गर्ने गरी नेपाल सरकार अर्थ मन्त्रालयको GCF Country Program Pipeline मा कोषको तर्फबाट पुरानो आयोजनालाई अद्यावधिक र नयाँ आयोजना थप गरिएको छ ।

## अद्यावधिक गरिएका आयोजना:

- Green Buses: Sustainable Transportation through Electric Buses Repaid Transit eBRT) in KathmanduValley (Cross Cutting)
- National Financing vehicle to boost the emergence of Nepal's Green Economy (Cross Cutting)

## थप गरिएका आयोजना

- Electric Buses: Pilot Deployment of Electric Buses in Lumbini Province (Cross Cutting)
- Strengthening Climate Resilience of Agricultural Livelihoods in agro-ecological Regions in Karnali Province. (Adaption).
- Building Climate Resilient Green Infrastructure in Nepal (BCRGI (Adaptation)

हरित जलवायु कोष (GCF) को DAE रूपमा मान्यता प्राप्त गर्न GCF बाट औँल्याइएका नीति, विनियमावली, निर्देशिका, दिग्दर्शन (Policy, Bylaws, Guideline, Directives, Framework) लयायत अन्य आवश्यक दस्ताबेजहरू व्यवस्थापनबाट तयार भइरहेका छन् ।

## कोषबाट तयार भएका दस्ताबेजहरू

1. Audit cum Ethics Sub-committee
2. Environment and Social Safeguard Policy
3. Gender Equality and Social Inclusion Policy
4. Risk Management Framework
5. Monitoring and Evaluation Guideline
6. Internal Audit Manual
7. Ammendmedment in Financial Bylaws, 2071
8. Code of Ethics, Conflict of Interest and Disclosure policy
9. Grievance Redress Mechanisim
10. Project Appraisal Manual
11. Fraud and Whistle Blower Manual
12. Internal Control Framework

हरित वित्त कोषको मान्यता प्राप्तिको आवेदन प्रक्रियालाई तिब्र पार्न तथा हरित वित्त कोषको श्रोत परिचालनका लागि आयोजना विकास सम्बन्धी क्षमता अभिबृद्धि सम्बन्धी देहायबमाजिमका विभिन्न तालिम तथा कार्यशाला गोष्ठीहरूमा कोषका सम्बन्धित पदाधिकारीहरूको सहभागिता भएको थियो ।

- Green Climate Fund Readiness and Preparatory Support Programme,
- Sustainable Consumption and Production to Enhance Climate Ambition in Nepal, Preparation of Entity Work Programs -EWPs_ for the direct access entity,
- Capacity building workshop of NDA partners "Identify specific areas of improvement in GCF Handbook",
- Capacity building workshop Integration of Climate Finance into the National Planning and Budgetary Process and Green Taxonomy in Nepal,
- National Workshop in Nepal: Sustainable Consumption and Production to Enhance Climate Ambition in Nepal,
- Preparation of Entity Work Programs -EWPs_ for the direct access entity,
- Workshop on "Finalization of GCF Concept Notes for DAEs.




*(हरित वित्त कोषको स्रोत परिचालनका लागि आयोजना विकाससम्बन्धी क्षमता अभिवृद्धि तालिम)*

# ४. संस्थागत विकास, व्यवसाय प्रवर्द्धन तथा जनशक्ति व्यवस्थापन

कोषका कार्यक्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचना गर्ने गरी रूपान्तरणको चरणमा रहेसँगै कोषको संस्थागत विकास, शहरी पूर्वाधार क्षेत्रमा कोषको लगानी क्षेत्रलाई व्यापक तथा प्रभावकारी बनाउन व्यवसाय प्रवर्द्धन र व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरूको प्राप्तिका निम्ति कोषको संस्थागत विकास, व्यवसाय प्रवर्द्धन तथा जनशक्ति व्यवस्थापनतर्फ आ.व. ०८०/८१ मा प्राप्त उपलब्धि तथा भएका प्रयासहरूलाई देहायबमोजिम संश्लेषण गरिएकोछ :

## ४.१ संस्थागत विकास तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमतर्फ

कोषको संस्थागत विकास तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमअन्तर्गत आ.व. २०८०।८१ मा रु. २ करोड ६० लाख बजेट विनियोजन गरिएकोमा रु. १ करोड १३ लाख ५३ हजार मात्र खर्च भएको छ । जसमध्ये कोषको आन्तरिक स्रोततर्फ रु. २३ लाख ६० हजार र शहरी खानेपानी तथा ससरसफाइ आयोजनाका लागि एसियाली विकास बैङ्कको स्रोतबाट रु. ८९ लाख ९३ हजार खर्च भएको छ ।

नगरपालिका वित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building -MFCB) कार्यक्रमअन्तर्गत नगरपालिकाको वित्तीय क्षमता अभिवृद्धि, स्थानीय आर्थिक विकास र जलवायु संवर्द्धन पूर्वाधार निर्माणमा नवीनतम लगानी विधि अपनाउने क्षमताको विकासका कार्यक्रम, कोषको व्यवसाय प्रवर्द्धन, ऋण बहन क्षमता अध्ययन तथा वित्तीय योजना तयारी, Bankable आयोजनाको तयारी तथा विकास, नगरपालिकाबाट प्रदान गरिने सेवा-सुविधालाई प्रभावकारी बनाउन सूचना प्रविधिको विकासलगायतका कार्यक्रम सञ्चालन गर्ने गरी आ.व. २०८०।८१ मा रु. १२ करोड ५० लाख बजेट विनियोजन गरिएकोमा रु. ५ करोड ७० हजार खर्च भएको छ ।

आ.व. ०८०।८१ मा कोषको संस्थागत विकास तथा व्यवसाय प्रवर्द्धनतर्फ मुख्य रूपमा देहायबमोजिमका उपलब्धि हासिल गरिएको छ :

- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।०१।२६ को निर्णयबाट स्वीकृत "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचना रणनीतिपत्र"बमोजिम कोष सञ्चालक समितिबाट "नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८०" स्वीकृत गरी शहरी विकास मन्त्रालयमा पेस भएको ।
- सञ्चालक समितिको मिति २०८०।११।०२ को २११औं बैठकबाट आयोजना बैङ्कमा रहेका आयोजनामध्येबाट सम्भाव्य लगानीयोग्य एवम् छिटो प्रतिफल प्राप्त हुने आयोजनामा कोषबाट लगानी गर्न नयाँ स्रोत व्यवस्थापनका लागि एसियाली विकास बैङ्कको ऋण एवम् अनुदान परिचालन गर्ने गरी कोषबाट नयाँ आयोजना Municipal Infrastructure Development Project (MIDP) नगरपालिकामा सञ्चालन तथा व्यवस्थापन गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाउन अर्थ मन्त्रालयमार्फत एसियाली विकास बैङ्कलाई अनुरोध गर्ने निर्णय भएको ।
- कोषमा रहेका लगानीयोग्य आयोजनामा लगानीको स्रोत व्यवस्थापन गर्न कोषबाट पूर्वाधार ऋणपत्र (Infrastructure Bond) निष्कासनको आवश्यक प्रक्रिया अगाडि बढाउने सम्बन्धमा महत्त्वपूर्ण निर्णय गरिएको ।

- कोषको संस्थागत सुदृढीकरणका लागि Project Appraisal Guideline, M & E Guideline, E & S Policy, PPP Guideline, Internal Audit Manual, Risk Management Framework, GESI Policy, Internal Control Framework, Grievance handling and code of ethics को मस्यौदा तयार भई सञ्चालक समितिमा स्वीकृतिका लागि पेस हुने चरणमा रहेको ।
- कोषको वर्तमान सङ्गठन संरचना र स्वीकृत दरबन्दीलाई परिमार्जन गरी नयाँ सङ्गठन संरचना एवम् दरबन्दी स्वीकृत गराई कार्यान्वयनमा ल्याउन नयाँ सङ्गठन संरचना, दरबन्दी र कार्य विवरण मस्यौदा प्रतिवेदन तयार भएको ।
- कोषले खानेपानी आयोजनाअन्तर्गत लगानी भएका आयोजनाको दिगो सञ्चालन व्यवस्थापनका लागि खानेपानी तथा सरसफाइ आयोजनाहरूको अध्ययन गराई समस्याका कारण तथा समाधानका उपायका सम्बन्धमा प्रतिवेदन तयार गरी सम्बन्धित खानेपानी उपभोक्ता संस्थालाई उपलब्ध गराइएको ।
- स्थानीय तहको पूर्वाधार विकासका लागि शहरी पूर्वाधारतर्फ रु. ६९ करोड ७० लाख र खानेपानी आयोजनातर्फ रु. २२ करोड ४७ लाखबराबरका नयाँ आयोजनाको स्वीकृतिसहित कुल रु. ९२ करोड १८ लाखबराबरका आयोजनाहरू स्वीकृति भई सम्झौता सम्पन्न भएको ।
- शहरी विकास तथा भवन निर्माण विभाग, नयाँ शहर आयोजना समन्वय कार्यालय र नगर विकास कोषबीच नयाँ शहर आयोजनाअन्तर्गतका जग्गा एकीकरण आयोजना (Land Pooling Project) मा नगर विकास कोषको ऋणसमेत परिचालन हुने गरी Memorandum of Understanding (MoU) सम्पन्न भएको ।
- कोषले नवीनतम र नवप्रवर्द्धक आयोजनाहरूमा लगानी विस्तार गर्दै व्यवस्थित शहरीकरणमा सघाउ पुऱ्याउने उद्देश्यले कोषको शहरी पूर्वाधार विकास आयोजनाअन्तर्गत बुटवल उपमहानगरपालिकामा बुटवल आधुनिक बहुतले पार्किङ भवन (Modern Multilayer Parking Building) आयोजनाका लागि ऋण सम्झौता सम्पन्न ।
- शहरी विकास मन्त्रालयअन्तर्गत शहरी उत्थानशीलता तथा जीवनयापन सुधार आयोजना (Urban Resilience and Livability Improvement Project -URLIP) आयोजना कोषसमेतको सहभागिता हुने गरी आयोजनाको कुल लागत अमेरिकी डलर २०७.५ मिलियनमध्ये आयोजनाको Civil Works तर्फको १८ प्रतिशतसम्मको लागत नगर विकास कोषबाट सम्बन्धित नगरपालिकामा ऋण लगानी हुने गरी नेपाल सरकारसँग ऋण सम्झौता सम्पन्न भएको ।
- कोषलाई Green Climate Fund (GCF) बाट मान्यता (Accredation) प्राप्त संस्थाले गर्ने कार्यको दोस्रो चरणको प्रक्रियाका लागि National Designated Authorities (NDAs), अर्थ मन्त्रालयमार्फत समन्वय भइरहेको ।
- तेस्रो लगानी सम्मेलन, २०२४ मा नगर विकास कोषको तर्फबाट Deployment of Electric Buses in Lumbini Province/Multilayer Car Parking Building in Kathmandu Valley परियाजनामा लगानीको लागि प्रस्ताव पेस गरिएको ।

## ४.२ जनशक्ति व्यवस्थापनतर्फ

आ.व. २०८०/८१ मा कोषको संस्थागत सुदृढीकरण, कोषको व्यावसायिक योजनाले निर्दिष्ट गरेका लक्ष्यको प्राप्ति एवम् नयाँ ठूला आयोजना तयारीका चरणमा रहेकाले कोषको O & M गरी कोषमा दक्ष जनशक्तिको व्यवस्थापन गरिने लक्ष्य रहेकोमा कोषको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदनको प्रक्रिया अगाडि बढाइएको छ ।

कोषको स्वीकृत सङ्गठन संरचनाबमोजिम विभिन्न सेवा समूह तथा तहको ३४ स्थायी दरबन्दीमध्ये २२ पदमा कर्मचारी कार्यरत रहेका छन् भने सहयोगी स्तर श्रेणीविहीन सेवा करारमा १० कर्मचारी कार्यरत रहेका छन् ।

कोषको संस्थागत विकासका लागि युरोपियन युनियन (EU) को अनुदान सहयोगमा सञ्चालित Municipal Finance and Capacity Building (MFCB) कार्यक्रम र शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत एसियाली विकास बैङ्कको प्राविधिक सहयोगमा विज्ञहरूको सेवा प्राप्त गरिएको छ ।

## ४.३ अनुसन्धान तथा विकास

कोषलाई व्यावसायिक रूपमा प्रभावकारी बनाउन यसका अवसर र चुनौतीलाई पहिचान गरी योजनाबद्ध रूपमा अगाडि बढ्न आ.व. २०८०।८१ मा अनुसन्धान र विकास (Research and Development) सम्बन्धी कार्यका लागि रु. ३१ लाख बजेट विनियोजन गरिएकोमा अनुसन्धान तथा विकासतर्फ रु. २२ लाख खर्च भएको छ । यसअन्तर्गत कोषले खानेपानी आयोजनाअन्तर्गत लगानी भएका आयोजनाको दिगो सञ्चालन व्यवस्थापनका लागि Innovative Operation and Management of Water Supply Systems, Causes of Water Depletion in Water Sources तथा Review the Operational Guidelines Applicable to Water Users' Committees विषयमा अध्ययन भई समस्याका कारण तथा समाधानका उपायका सम्बन्धमा प्रतिवेदन तयार गरिएको छ ।




*(मिति २०८१ वैशाख १६ देखि १७ सम्म काठमाडौंमा भएको तेस्रो लगानी सम्मेलन, २०२४ मा नगर विकास कोषको तर्फबाट दुई ओटा Deployment of Electric Buses in Lumbini Province / Multilayer Car Parking Building in Kathmandu Valley परियोजनामा लगानीका लागि प्रस्तावसहित कोषको सहभागिता)*

# ५. अनुगमन तथा मूल्याङ्कन

कोषको आ.व. ०८०/८१ को वार्षिक निति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वनका लागि कोषका विभिन्न विभाग, महाशाखा, शाखाअन्तर्गतका प्रत्येक क्रियाकलापलाई कोषको सुचना प्रविधिमा आधारित अनुगमन तथा मुल्याङ्कन प्रणालीमा प्रविष्ट गराई मासिक, चौमासिक एवम् वार्षिक रूपमा मूल्याङ्कन गरिदै आएको छ । कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन मासिक रूपमा कार्यकारी निर्देशक तहमा र त्रैमासिक रूपमा मन्त्रालयस्तरीय समीक्षा गरी आवश्यक राय सुझावसहित प्रतिवेदन तयार गरिएको छ ।

कोषको ४ वर्षिय "व्यवसायिक योजना (Business Plan) आ.व. २०७७।०७८ देखि आ.व. २०८०।८१)" ले लिएका लक्ष्यको प्रगति, प्रगतिमा देखा परेका चुनौति तथा कोषले अवलम्बन गर्नुपर्ने भावि कार्यदिशा सहित "व्यावसायिक योजना आ.व. २०७७।०७८ देखि आ.व. २०८०।८१)" प्रगति समीक्षा प्रतिवेदन तयार भै प्रकाशन गरिएको छ ।



कोषको ४ वर्षिय "व्यावसायिक योजना (Business Plan) आ.व. २०७७।०७८ देखि आ.व. २०८०।८१) प्रगति समिक्षा प्रतिवेदनमा मुख्य रूपमा कोषको पुँजी पुनसंरचना र कार्यक्षेत्र विस्तृतीकरणका लागि गरिएका प्रयास र उपलब्धीहरूलाई समिक्षा गरिएको छ । कोषको संस्थागत विकासका लागि लागु गरिएका विनियमावली, पूर्वाधार विकासमा गरिएको लगानी तथा स्वीकृती, स्रोत व्यवस्थापन, कार्यान्वयनको प्रक्रियामा रहेका नयाँ कार्यक्रमहरू, विभिन्न बहुपक्षीय बैंक एवम् दातृ संस्थाहरूसँगको सहकार्यमा अगाडि बढेका कार्यक्रमहरू, कोषका चुनौतीहरू र कोषले आगामी दिनमा अबलम्बन गर्नु पर्ने कार्यदिशालाई समीक्षा गरिएको छ । यस प्रकारले गरिने समिक्षाले कोषको भावी व्यावसायिक योजना तर्जुमाका लागि महत्वपूर्ण आधार प्रदान गर्दछ ।




अनुगमन तथा मुल्याङ्कनको क्रममा जर्मन विकास बैङ्क के.एफ.डब्ल्यू. (KfW) वित्तीय सहयोगमा सन् २००० देखि २०२० सम्म नगर विकास कोषबाट सञ्चालित Town Development Programme Phase II and Phase III कार्यक्रममार्फत नगरपालिकाहरूको दिगो पूर्वाधार विकासमा पुऱ्याएको योगदानका सम्बन्धमा जर्मनस्थित KfW Development Bank को Ex-Post Evaluation Mission बाट विभिन्न आयोजनाहरूको स्थलगत भ्रमण गरी अनुगमन











*(KfW Development Bank Ex post evaluation Mission)*

तथा मूल्याङ्कन गरिएको छ । उक्त Ex-Post Evaluation Mission बाट Town Development Programme Phase II and Phase III कार्यक्रममार्फत निर्माण भई सञ्चालन व्यवस्थापन भएका आयोजनाहरू दिगो रूपमा सञ्चालन भइरहेको निष्कर्ष निकालेको छ ।

कोषले लगानी गरेका बहुउद्देश्यीय भवन आयोजनाको सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा प्रभाव मूल्याङ्कन गरी भविष्यमा यसप्रकारका आयोजनामा गरिने लगानीलाई दिगो र परिणाममुखी बनाउन प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ ।


The Impact Evaluation of Multi-Purpose Commercial Buildings

(Specially financed by Town Development Fund)

Final Report

(2024 April)

यस आ.व.मा कोषबाट ऋण लगानी भई निर्माणाधिन अवस्थामा रहेका आयोजनाहरूको प्रगतिका सम्बन्धमा स्थलगत अनुगमन भ्रमण गरिएको छ । त्यसैगरी आयोजनाको छनोट तथा तयारीका लागि समेत विभिन्न नगरपालिका तथा साना शहरहरूमा स्थलगत भ्रमण गरी आवश्यक राय सुझाव प्रदान गरिएको छ ।





*(कोषको वित्तीय सहयोगमा व्यास नगरपालिकामा २०७५ सालमा निर्माण सम्पन्न भई हालसम्म सञ्चालन व्यवस्थापन भइरहेको व्यावसायिक भवन)*

# ६. कोषको वित्तीय अवस्था

आ.व. २०८०।८१ का लागि तय गरिएका विभिन्न कार्यक्रम तथा आयोजना एवम् कोषको व्यावसायिक योजनाले तय गरेका कार्यक्रमका लागि नेपाल सरकार, दातृ निकाय तथा कोषको आफ्नो पुँजी कोषसमेतको परिचालन गरी आ.व. २०८०।८१ का लागि ऋण तथा अनुदान लगानी, ऋण असुली, ऋण भुक्तानी, सञ्चालन आम्दानी, खर्च व्यवस्थापन एवम् पुँजी कोष वृद्धि सम्बन्धमा भएको प्रगतिलाई देहायबमोजिम संश्लेषण गरिएको छ :

## ६.१ ऋण तथा अनुदान लगानी

आ.व. २०८०/८१ मा नेपाल सरकार तथा दातृ निकायको वित्तीय सहयोगमा सञ्चालित बहुवर्षीय आयोजनाका साथसाथै कोषको इक्विटी परिचालन गरी शहरी पूर्वाधारका आयोजनामा जम्मा रु. २ अर्ब २४ करोड ९५ लाख लगानी गर्ने लक्ष्य राखिएकोमा कुल रु. ८४ करोड ६९ लाख लगानी भएको छ । जसमध्ये रु. ३ करोड ३१ लाख अनुदान र रु. ८१ करोड ३७ लाख ऋण रहेको छ ।

## ६.२ ऋण असुली

कोषको ऋण असुलीमा प्रभावकारिता ल्याउन आ.व. २०८०।८१ मा कोषको ऋण असुली विनियमावली, २०७९ मा व्यवस्था गरिएका प्रावधानको कार्यान्वयनलाई प्राथकितामा राखियो । कोष व्यवस्थापनबाट ऋण असुली विनियमावली, २०७९ बमोजिमको ऋण असुली उपसमितिमा कोषको ऋण असुली प्रतिवेदन समय-समयमा पेस गरी प्राप्त सुझाव एवम् निर्देशनबमोजिम ऋण असुलीलाई व्यवस्थित गर्न शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र खानेपानी मन्त्रालयसँग आवश्यक समन्वय गरिएको छ । समस्याग्रस्त ऋणी नगरपालिकालाई वार्षिक कार्यक्रम तथा बजेटमा साँवा-ब्याज किस्ता भुक्तानीको बजेट व्यवस्थाका लागि अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई शहरी विकास मन्त्रालयमार्फत अनुरोध गरिएको छ । ऋणी उपभोक्ता संस्थालाई ऋण पुनर्तालिकीकरणका लागि आवश्यक कार्य योजना तथा ब्याज भुक्तानीका लागि कोषबाट पत्राचार गरी कार्ययोजना तथा ब्याज रकम प्राप्त भई पुनर्तालिकीकरणसमेत गरिएको छ । प्राविधिक रूपमा समस्याग्रस्त खानेपानी आयोजनाको स्तरोन्नतिका लागि सम्बन्धित निकायमा पहल गरिएको छ ।

कोषले आ.व. ०८०।८१ मा शहरी पूर्वाधारमा गरेको लगानीको नियमित किस्ता तथा गत वर्षसम्मको बाँकी भाखा नाघेको साँवा तथा ब्याज रकम गरी जम्मा रु. १ अर्ब ८२ करोड ३६ लाख असुल हुनुपर्नेमा रु. ८८ करोड ३१ लाख (४८%) असुल भएको छ ।

## ६.३ ऋण भुक्तानी

कोषले विभिन्न दातृ निकायमार्फत सञ्चालित कार्यक्रम तथा आयोजनाका लागि नेपाल सरकारबाट प्राप्त भएको ऋणको साँवा तथा ब्याज भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । आ.व. २०८०।८१ मा भुक्तानी गर्नुपर्ने साँवा तथा ब्याज रु. ३८ करोड १७ लाख ५७ हजार रहेकोमा रु. ७५ करोड २९ लाख ८१ हजार भुक्तानी गरी लक्ष्यको २३० प्रतिशत प्रगति भएको छ । विगतमा कोषबाट सहुलियत अवधिमा लागेको ब्याज पुँजीकृत गरेको र भुक्तानी गर्न बाँकी देखाइएको ब्याज यस आ.व.मा नेपाल सरकारसँग ऋण हिसाब मिलानका क्रममा भुक्तानी गरिएको हुँदा लक्ष्यभन्दा बढी भुक्तानी भएको छ ।

## ६.४ आम्दानी

कोषको व्यवसाय सञ्चालनबाट हुने नियमित आम्दानी र संस्थागत विकासका लागि प्राप्त हुने अनुदान आम्दानीसमेतबाट आ.व. २०८०।८१ मा कुल रु. ८७ करोड ९३ लाख आम्दानी हुने अनुमान गरिएकोमा जम्मा रु. ८४ करोड २१ लाख ४० हजार आम्दानी हुन गई ९६ प्रतिशत प्रगति हासिल भएको छ ।

## ६.५ कुल सञ्चालन खर्च

आ.व. २०८०/८१ मा कोषको ब्याज खर्च, कर्मचारी खर्च, कार्यालय सञ्चालन खर्च, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च तथा गैरसञ्चालन खर्च गरी कुल खर्च रु. ३८ करोड ७६ लाख ८० हजार हुने अनुमान गरिएकोमा कुल रु. २६ करोड ५५ लाख ५० हजार खर्च भई अनुमानको ६८ प्रतिशत खर्च हुन गएको छ ।

## ६.६ बचत

आ.व. २०८०।८१ मा कुल आम्दानी रु. ८७ करोड ९३ लाखमा रु. ३८ करोड ७६ लाख ८० हजार खर्च भई रु. ४९ करोड १६ लाख २० हजार बचत हुने अनुमान रहेको थियो । उक्त बचत रकमबाट रु. ११ करोड कर तिर्ने लक्ष्य राखी खुद बचत रु. ३८ करोड १६ लाख २० हजार हुने अनुमान गरिएकोमा वास्तविक कुल आम्दानी रु. ८४ करोड २१ लाख ४० हजारमा कुल रु. २६ करोड ५५ लाख ५० हजार खर्च भई बचत रु. ५७ करोड ६५ लाख ९० हजार भएको छ, जुन अनुमानको ११७ प्रतिशत हो । उक्त बचतबाट करबापत रु. १३ करोड ८५ लाख ५२ हजार भुक्तानी भई रु. ४३ करोड ८० लाख ३८ हजार बचत भई अनुमानको ११५ प्रतिशत प्रगति हासिल भएको छ ।

## ६.७ पुँजी वृद्धि

आ.व. २०८०।८१ का लागि प्रस्तावित नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, कोषमा हालै लागू गरिएको लगानी तथा असुली विनियमावली तथा कोषको व्यावसायिक योजना (२०७७/७८-२०८०/८१) का निर्दिष्ट लक्ष्य हासिल गर्न सञ्चालित कार्यक्रमहरू कार्यान्वयनपश्चात् कोषको पुँजी वृद्धि हुने अपेक्षा गरिएको थियो । आ.व. २०७९।८० को लेखा परीक्षणपछिको पुँजी रु. ६ अर्ब ७० करोड ८१ लाख रहेकोमा आ.व. २०८०।८१ मा रु. ५१ करोड ६० लाख थप भई कोषको कुल पुँजी रु. ७ अर्ब २२ करोड ४१ लाख (लेखा परीक्षण हुनुअघि) पुगेको छ ।

# ७. नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८०

शहरीकरणको विस्तार सँगसँगै शहरी पूर्वाधार निर्माणको आवश्यकता माग र वित्तीय स्रोत आपूर्तिबीच ठूलो खाडल भएको परिपेक्ष्यमा कोषले वैकल्पिक स्रोत परिचालन गर्ने संस्थाका रूपमा बलियो पहिचान गराएकाले कोषको महत्त्व र कार्यक्षेत्रलाई मध्यजनर राखी नेपाल सरकारबाट २०८०/०१/२६ मा कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संचनासम्बन्धी रणनीतिपत्र, २०८० स्वीकृत भई सोहीबमोजिम कोष सञ्चालक समितिको मिति २०८० फागुन २ गतेको बैठकबाट नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० स्वीकृत भएको छ । उक्त विधेयक मस्यौदा शहरी विकास मन्त्रालयमार्फत संसद्बाट स्वीकृतिको प्रक्रियामा रहेको छ । कोषको कार्यक्षेत्र विस्तृतीकरण र पुँजी पुनर्संरचना गर्नुपर्ने कारणहरूलाई देहायबमोजिम संश्लेषण गरिएको छ :

- नगर विकास कोषलाई सङ्घ, प्रदेश र स्थानीय तह एवम् वित्तीय संस्थाहरूको समेत स्वामित्व रहने गरी पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने सक्षम संस्थाका रूपमा सञ्चालन गर्न कानुनी प्रबन्धका लागि नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट मिति २०८०।०१।२६ मा "नगर विकास कोषको कार्यक्षेत्र विस्तृतीकरण एवम् पुँजी पुनर्संरचना रणनीतिपत्र" स्वीकृत भएको ।
- नेपाल सरकारको आ.व. २०७६/७७, आ.व. २०७७/७८, आ.व. २०७८/७९ र आ.व. २०७९/८०, २०८०।८१, ०८१।८२ को बजेट वक्तव्य तथा नेपाल सरकारले व्यवस्थापिका संसद्समक्ष प्रस्तुत गरेका विभिन्न वार्षिक कार्यक्रममा नगर विकास कोष ऐन, २०५३ अनुसार स्थापित नगर विकास कोषलाई कोषलाई पुनर्संरचना गरी पूर्वाधार विकासमा वैकल्पिक पुँजी परिचालन गर्ने संक्षम संस्थाका रूपमा पुनर्संरचना गरिने उल्लेख भएको ।
- सङ्घीय संरचनाअनुसार प्रदेश सरकार तथा स्थानीय तहमा शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन गर्न सक्ने व्यावसायिक वित्तीय संस्था बनाउन आवश्यक भएको ।
- कोषको विद्यमान ऐनमा पुँजी संरचनासम्बन्धी स्पष्ट व्यवस्था नभएको र शहरी पूर्वाधार हरूमा दीर्घकालीन ऋण परिचालन गर्न पुँजी वृद्धिसहित पुँजी संरचना आवश्यक भएको ।
- राष्ट्रिय शहरी नीति, २०८१ ले नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पुँजी परिचालन गरिने नीति लिएको ।
- राष्ट्रिय शहरी विकास रणनीति, २०७३ मा शहरी वित्त व्यवस्थाअन्तर्गत नगर विकास कोषलाई सबल वित्तीय संस्था बनाउन स्वपुँजी बढाउने उल्लेख भएको ।
- नेपाल सरकारसमक्ष पेस भएका विभिन्न अध्ययन प्रतिवेदनहरू नगर विकास कोषको पुँजी वृद्धिका लागि कानुनी व्यवस्थासहित पुनर्संरचना गर्ने, नगर विकास कोषले Sub-National Borrowing प्रदान गर्न सक्ने गरी पुनर्संरचना गर्ने तथा कोषलाई पुनर्संरचना गरी कम्तीमा रु. २० अर्बबराबर पुँजी संरचना बनाउनुपर्ने उल्लेख भएको ।

## प्रस्तावित नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मस्यौदा, २०८० का मुख्य-मुख्य विषयहरू

- **क्षेत्राधिकार : नगर विकास कोष ऐन, २०५३ मा उल्लेख भएका क्षेत्राधिकारमा देहायबमोजिम थप हुनेछन् :**

  (क) प्रदेश सरकार र स्थानीय तह ।

  (ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सार्वजनिक-निजी साझेदारी अवधारणाअनुरुप छनोट वा सिफारिस भएका शहरी पूर्वाधार विकासका आयोजना ।

  (ग) नगर विकाससँग सम्बन्धित निकायद्वारा संयुक्त रूपमा सञ्चालित आयोजनाहरूको लगानी व्यवस्थापन र सञ्चालन गर्ने, गराउने ।

  (घ) शहरी पूर्वाधार विकाससम्बन्धी निकायलाई ऋण, अनुदान, सेयर वा त्यस्तै प्रकृतिको पुँजीगत लगानी ।

  (ङ) पूर्वाधार विकाससँग सम्बन्धित कुनै पनि बैङ्क, वित्तीय संस्था वा कम्पनीहरूबाट जारी भएको सेयर वा ऋणपत्रमा लगानी ।

  (च) नेपाल सरकारले जारी गरेको ऋणपत्र वा धितोपत्रमा लगानी

- **कोषको सेयर पुँजी संरचना र सेयरधनी :**

  (१) कोषको अधिकृत पुँजी ५० अर्ब रुपैयाँ हुनेछ र सो रकमलाई एक सय रुपैयाँका दरले ५० करोड कित्ता सेयरमा विभाजन गरिनेछ ।

  (२) कोषको जारी पुँजी ५० अर्ब रुपैयाँ र चुक्ता पुँजी २० अर्ब रुपैयाँ हुनेछ र सो रकम देहायबमोजिम बाँडफाँट गरी वितरण गरिनेछ :

| | |
|---|---|
| (क) नेपाल सरकार | एकाउन्न प्रतिशत |
| (ख) प्रदेश सरकार | दश प्रतिशत |
| (ग) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका | पन्ध्र प्रतिशत |
| (घ) गाउँपालिका | दश प्रतिशत |
| (ङ) नेपाल सरकारको स्वामित्व रहेका निगम, कोष, संस्थान, कम्पनी, बैङ्क र अन्तर्राष्ट्रिय वित्तीय संस्था | चौध प्रतिशत |

- **लगानीको सुरक्षण :**

  कोषले ऋण लगानी गरेको सम्बन्धित निकाय वा कुनै संस्थाले ऋण चुक्ता गर्न अक्षम भएमा, विघटन भएमा वा नरहेमा त्यस्तो निकाय वा संस्थाको आय स्रोत, पूर्वाधार तथा नगर विकाससम्बन्धी राजस्व, नगद प्रवाह तथा जायजेथामा कोषको प्रथम हकदाबी हुनेछ ।

- **नियामक निकाय तोक्न सक्ने :**

  नेपाल सरकारले कोषको नियमन गर्न नेपाल राष्ट्र बैङ्कलाई नियामक निकाय तोक्न सक्नेछ ।

# वित्तीय अवस्थाको विवरण

**२०८० साउन १ देखि २०८१ असार ३१ सम्मको**

रकम रू. मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **दायित्व तथा इक्विटी :** | | |
| शेयर पुँजी | २,७६२,९७९,७९४ | २,७६२,९७९,७९४ |
| **पुँजी कोष योगदान :** | | |
| सञ्चित मुनाफा/(घाटा) | २,८३७,३१०,६७० | २,५२१,५९२,३६७ |
| पुँजी अनुदान कोष | ५,८०९,३६५ | ७,३५१,९४४ |
| अवितरित अनुदान | ३६,१९३,४७९ | ३६,१९३,४७९ |
| डेभलोपमेन्ट फाईनान्स कोष | २,००३,८९४,५५७ | १,९७१,९१५,८८८ |
| डिस्पोजिसन कोष (टि.डि.पि) | ७,९३६ | ७,९३६ |
| ईयु अनुदान कोष | ५९,६०८,८४० | ११०,२८१,१०२ |
| ऋण दायित्व | ६,४९७,२५१,८९९ | ६,१२०,५७७,३१५ |
| ब्यवस्था तथा अन्य दायित्व | १,०९१,३०६,२१६ | १,२५०,८२४,५१० |
| **जम्मा दायित्व तथा इक्विटी** | **१५,२९४,३६२,७५६** | **१४,७८१,७२४,३३५** |
| **सम्पति** | | |
| सम्पत्ति तथा उपकरण | १४४,३४२,४१४ | १४६,३७४,७५२ |
| लगानी | २,७५०,०००,००० | २,२५०,०००,००० |
| नगरपालिकाहरू लाई ऋण तथा पेश्की | १०,२८४,१८६,७१९ | ९,८३७,८८३,९३२ |
| कन्ट्रिब्युसन रिसिंएवलस् | १५,२८६ | १५,२८६ |
| **चालु सम्पति** | | |
| नगद तथा नगद समान | ७८६,८६६,४४० | १,२४७,३०३,५३४ |
| नगरपालिकाहरूलाई ऋण तथा पेश्की | ५०४,२३७,००० | ५०४,२३७,००० |
| अन्य सम्पत्ति | ८२४,७१४,८९७ | ७९५,९०९,८३० |
| **जम्मा सम्पत्ति** | **१५,२९४,३६२,७५६** | **१४,७८१,७२४,३३५** |

*Unaudited Financial Statements as per GAAP

# नाफा-नोक्सान तथा विस्तृत आयको विवरण

**२०८० साउन १ देखि २०८१ असार ३१ सम्मको**

रकम रू. मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---:|---:|
| **आम्दानी** | | |
| ब्याज आम्दानी | ७८३,२३१,४१४ | ७६९,००२,५६८ |
| अन्य आय | ६९१,७५५ | ७१३,४९१ |
| अनुदान आय | ५९,८१९,९७७ | ७१,२८५,४९१ |
| **जम्मा आय** | **८४३,७४३,१४६** | **८४१,००१,५५०** |
| **खर्च** | | |
| ब्याज खर्च | १२८,५२९,०६७ | १२७,८९५,१८५ |
| कर्मचारी खर्च | ३७,८१७,६४२ | ४६,२४७,११९ |
| अन्य सञ्चालन खर्च | ४०,१०८,७७८ | ४०,३४०,३५२ |
| अनुदान खर्च | ५९,८१९,९७७ | ७१,५९१,८८० |
| ह्रास कट्टी र परिषोधन (Amortisation) | २,२१२,२९६ | १,९४०,२८७ |
| कर्जा जोखिम ब्यवस्था | | |
| **जम्मा खर्च** | **२६८,४८७,७६०** | **२८८,०१४,८२३** |
| **कर अधिको मुनाफा** | ५७५,२५५,३८६ | ५५२,९८६,७२६ |
| आयकर खर्च | (१४३,८१३,८४७) | (१३८,२४६,६८२) |
| **यस अवधिको मुनाफा** | **४३१,४४१,५३९** | **४१४,७४०,०४४** |

*Unaudited Financial Statements as per GAAP

# नगद प्रवाह विवरण

## २०८० साउन १ देखि २०८१ असार ३१ सम्मको

रकम रू. मा

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **कारोवार संञ्चालनवाट नगद प्रवाह** | | |
| ब्याज र कमिशन | ६२३,८४०,२८९ | ६३५,४६६,५०६ |
| अन्य आम्दानी | ६९१,७५५ | ७१३,४९१ |
| ब्याज खर्च | (४७१,९५१,५४१) | (८७,८६८,६०१) |
| कर्मचारीलाई नगद भुक्तानी | (३७,८१७,६४२) | (४६,२४७,११९) |
| सप्लायरलाई नगद भुक्तानी | (४२,१९१,५०४) | (३७,८८२,०९४) |
| **सञ्चालन सम्पत्ति र दायित्व परिवर्तन अघिको सञ्चालन नगर प्रवाह** | **७२,५७१,३५७** | **४६४,१८२,१८३** |
| **संञ्चालन सम्पतीको घट/बढ** | | |
| मौज्दात | (२७४,१३७) | २३७,३०९ |
| अन्य पेश्की | (१,५१८,३३७) | (७,४७८,४०४) |
| **कारोवार सञ्चालनवाट नगद प्रवाह** | ७०,७७८,८८३ | ४५६,९४१,०८८ |
| आयकर भुक्तानी | (१९३,९१८,५६२) | (१२३,२१७,८५०) |
| **कारोवार सञ्चालनवाट मौजुदा खुद नगद प्रवाह** | **(१२३,१३९,६७९)** | **३३३,७२३,२३८** |
| **लगानी कारोवारमा नगर प्रवाह** | | |
| सम्पत्ति र उपकरणको खरिद | (१,७१८,८८४) | (२,८५६,३६१) |
| बैंकको मुद्धती खातामा लगानी | (५००,०००,०००) | २५०,०००,००० |
| आयोजनामा ऋण लगानी (एडिबी) | (२४९,३७७,४६८) | (४३९,९२७,३४०) |
| इंक्विटी वाट ऋण लगाानी | (२०६,२५४,०४७) | (२२१,३२६,५८९) |
| आयोजनामा ऋण लगानी (युआईडिपि) | (३५८,०८९,६४१) | (४५९,८४८,३३६) |
| कर्मचारीलाई ऋण लगाानी | (१,७३०,०२५) | (३,७७१,५०४) |
| आयोजनाहरूवाट ऋण असुली | ४६१,१८२,९७३ | ४५०,२७७,८८१ |
| चक्रिय कोषमा सारिएको ऋण | (५९,५२९,६४८) | (१२०,२६०,६६४) |
| कर्मचारीवाट ऋण असुली | ५,११९,८३५ | ६,६५५,७६१ |
| **लगानी कारोवारमा मौजुदा खुद नगद प्रवाह** | **(९१०,३९६,९०५)** | **(५४१,०५७,१५२)** |
| **वित्तीय कारोवारवाट नगद प्रवाह** | | |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम (एडिबी स्रोत तर्फको आयोजना) | ८१९,९२१,००० | ५५३,७०२,००० |
| नेपाल सरकारवाट प्राप्त म्याचिङ फण्ड | ३३,१३२,९३४ | ४३,०००,००० |
| नगरपालिका तथा अन्यलाई अनुदान | (९२,९५२,९११) | (९०,५४५,१३७) |
| अनुदान प्राप्त | ९,४५४,१०५ | ६,१०२,२४६ |
| टिडिपी वाट ऋण असुली | ५९,५२९,६४८ | १२०,२६०,६६४ |
| टिडिपीको ब्याज तर्फवाट | १४,६७६,२९० | २२,७११,१९८ |
| टिडिपी विशेष वचत तर्फवाट | १०,३१९,४८९ | १५,४२०,४२९ |
| नेपाल सरकारलाई ऋण भुक्तानी | (२८१,०२९,३१५) | (२८३,८७५,५७३) |
| नेपाल सरकारलाई अनुदान फिर्ता | – | (५३,९००,०२५) |
| सञ्चित मुनाफा/(घाटा) | ४८,२५० | ६०५,८७९ |
| **वित्तीय कारोवारवाट मौजुदा नगद प्रवाह** | **५७३,०९९,४९०** | **३३३,४८१,६८१** |
| **नगद तथा नगद समानमा भएको खुद बढ/घट** | **(४६०,४३७,०९४)** | **१२६,१४७,७६७** |
| नगद तथा नगद समानको शुरूवाती मौज्दात | १,२४७,३०३,५३४ | १,१२१,१५५,७६७ |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **७८६,८६६,४४०** | **१,२४७,३०३,५३४** |

*Unaudited Financial Statements as per GAAP

# आ.व. २०८०/८१ को अनुदान तथा ऋण लगानी लक्ष्य तथा प्रगति

रू. हजारमा

| सि. नं | कार्यक्रम/आयोजना | | लक्ष्य (लगानी) | | | | प्रगति (लगानी) | | | | प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अनुदान | ऋण | आन्तरिक पुंजी खर्च | जम्मा | अनुदान | ऋण | आन्तरिक पुंजी खच | जम्मा | | |
| १ | व.उ.शी.नं. ३४७५११०१ नगर विकास कोष | नगरपालिकामा सामाजिक तथा आयमूलक पूर्वाधारमा मिश्रित लगानी विधीबाट अनुदान परिचालन । | ६०,००० | - | - | ६०,००० | १६,३९६ | - | - | १६,३९६ | २७% | नेपाल सरकार |
| | | नगरपालिकाको सामाजिक, वातावरणीय सुधार तथा आयमूलक आयोजनाको सम्भाव्यता अध्ययन, सुपरिवेक्षण तथा आयोजना तयारी, सञ्चालन तथा व्यवस्थापनका लागि क्षमता विकास कार्यक्रम | ३६,१०० | - | - | ३६,१०० | १६,७३७ | - | - | १६,७३७ | ४६% | |
| **जम्मा** | | | ९६,१०० | - | - | ९६,१०० | ३३,१३३ | - | - | ३३,१३३ | | |
| २ | व.उ.शी.नं. ५०१४७१०१ खानेपानी क्षेत्र (वित्तीय व्यवस्था) | शहरी खानेपानी तथा सरसफाइ आयोजना (UWSSSP) | - | ६००,००० | - | ६००,००० | - | २४९,३७७ | - | २४९,३७७ | ४२% | एसियाली विकास बैङ्क |
| ३ | ५०१४७१०६- शहरी पूर्वाधार विकास आयोजना (वित्तिय व्यवस्था) | शहरी पूर्वाधार विकास आयोजना (UIDP) | - | १,०८३,४०० | - | १,०८३,४०० | - | ३५८,०९० | - | ३५८,०९० | ३३% | नेपाल सरकार |
| ४ | सहलगानी कार्यक्रम | | | | | | | | | | | |
| ४.१ | खानेपानी क्षेत्र आयोजना (साना शहर) | | - | ३०९,००० | - | ३०९,००० | - | १७४,८०१ | | १७४,८०१ | ५७% | कोष इक्विटी |
| ४.२ | खानेपानी क्षेत्र आयोजना (नगरपालिका) | | - | १६१,००० | - | १६१,००० | - | ३१,४५३ | | ३१,४५३ | २०% | |
| ४.३ | कर्मचारी सापटी कार्यक्रम | | - | ८,००० | | ८,००० | - | १,७३०.०० | | १,७३०.०० | २२% | |
| ४.४ | कार्यालय फर्निचर, कार्यालय उपकरण, कार्यालय भवन निर्माण तथा अन्य सम्पत्ति खरिद | | - | - | ४५,००० | ४५,००० | - | - | १,७५३.०० | १,७५३.०० | ४% | |
| **कुल जम्मा लगानी** | | | ९६,१०० | २,१६१,४०० | ४५,००० | २,३०२,५०० | ३३,१३३ | ८१५,४५१ | १,७५३ | ८५०,३३७ | ३७% | |
| **कुल जम्मा आयोजनाहरूमा लगानी** | | | **९६,१००** | **२,१५३,४००** | **-** | **२,२४९,५००** | **३३,१३३** | **८१३,७२१** | - | **८४६,८५४** | ३८% | |

# आ.व. २०८०।८१ को ऋण असुली लक्ष्य तथा प्रगति

रु. हजारमा

| सि.नं. | ऋण लगानीको श्रोत | 'थ मऽद्दमज ढद्दछु्र ^०द्द थलद्दजर -क्द्दद्दभ्ह णा'छभ्ह्/०द्द ;तहत_ | आ.व. २०८०।८१ को सम्ममा उठ्नुपर्ने रकम (ऋण पुनर्तालिकीकरणपश्चात्) | | | २०८०।८१ मा उठेको | | | २०८१ असारमा भाखा नाघेको उठ्न बाँकी | | | असुली प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | |
| १ | नगर विकास कार्यक्रम दोस्रो चरण (के.एफ.डब्लु.) | १७०,५१७ | २४,०३७ | १७,६७४ | ४१,७११ | १७,५४५ | १६,९९५ | ३४,५४० | १४,५९१ | २,१११ | १६,७०२ | ८३% |
| २ | नगर विकास कार्यक्रम तेस्रो चरण (के.एफ.डब्लू.) | ३९९,१५९ | ४९,१३३ | ३३,५२० | ८२,६५३ | ४७,८७८ | १९,६०७ | ६७,४८५ | १८,१५३ | १३,०७९ | ३१,२३२ | ८२% |
| ३ | शहरी वातावरण सुधार आयोजना (ए.डी.बी) | १८,७९४ | २९,०३५ | ४,०३३ | ३३,०६८ | २५,३८८ | २,३६२ | २७,७५० | १७,३२० | १,१५८ | १८,४७८ | ८४% |
| ४ | मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (ए.डि.वी) | ९०५,६९४ | १४०,५३८ | ७८,३०० | २१८,८३८ | २९,२८४ | २७,४७८ | ५६,७६२ | १११,२७० | ५०,५९४ | १६१,८६४ | २६% |
| ५ | प्रथम चरण साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (ए.डी.बी.) | ३७६,०१७ | १४६,४६८ | ९४,७०५ | २४१,१७३ | १५,१९३ | ३२,८१४ | ४८,००७ | १४०,७१५ | ६१,२१३ | २०१,९२८ | १५% |
| ६ | दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (ए.डी.बी. ) | १,५१४,०८८ | ३१६,२७० | १८८,६५२ | ५०४,९२२ | ६६,५३१ | ५७,७५२ | १२४,२८३ | २४८,३५१ | १३०,१५१ | ३७८,५०२ | २२% |
| ७ | एकीकृत शहरी विकास आयोजना (ए.डि.बी) | ८५४,७१५ | ७६,११७ | ४९,९६० | १२६,०७७ | ४३,७६७ | २०,४११ | ६४,१७८ | ३४,९३४ | ३०,१२९ | ६५,०६३ | ५१% |
| ८ | नगर विकास कार्यक्रम–चक्रीय कोष (आन्तरिक) | २२,४७३ | ३,०२० | २,४८९ | ५,५०९ | ३,९११ | १,८०४ | ५,७१५ | ५५७ | ५५९ | १,११६ | १०४% |
| ९ | साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (प्रथम चरण (पुनर्निर्माण आयोजना) | १४१,५६१ | ४१,३६७ | २०,५८५ | ६१,९५२ | ४३,४८९ | ९,८५७ | ५३,३४६ | २५,९५२ | ९,९८३ | ३५,९३५ | ६३% |
| १० | शहरी शासकीय क्षमता विकास कार्यक्रम (विश्व बैङ्क ऋण) | ९८,९७१ | ९,०५७ | ५,७०८ | १४,७६५ | ५,६०७ | ३,९६६ | ९,५७३ | ३,४२५ | १,६५२ | ५,०७७ | ६५% |
| ११ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (ए.डी.बी.) | १,६६८,९४९ | ११४,०५८ | १३८,३८५ | २५२,४४३ | ५६,२१० | ७५,२९१ | १३१,५०१ | ८९,२४२ | ६२,४१२ | १५१,६५४ | ४३% |
| १२ | सहलगानी खानेपानी आयोजना | ८०५,८६६ | ८,९३५ | ३२,२६५ | ४१,२०० | १७,६५३ | २८,४३० | ४६,०८३ | ५,९६५ | ६,४४४ | १२,४०९ | ११२% |
| १३ | सहलगानी नगर पालिका | ५४,०२९ | ३,८३८ | १,२३९ | ५,०७७ | २,२८७ | १,७८४ | ४,०७१ | ३१६ | | ३१६ | ८०% |
| १४ | दिगो शहरी यातायात | ४४,१८९ | २८,४१४ | ९,४२७ | ३७,८४१ | | | ० | २८,४१४ | ९,४२८ | ३७,८४२ | ०% |
| १५ | शहरी खानेपानी आयोजना | २,२४४,६४७ | | | ० | ३३,४९६ | ४३,३६० | ७६,८५६ | ९,३२० | ९७० | १०,२९० | ०% |
| १६ | शहरी पूर्वाधार विकास आयोजना | १,४४४,६४२ | ५६,४६९ | ९९,८८३ | १५६,३५२ | ५९,६५४ | ७३,२६७ | १३२,९२१ | ४०,९०४ | ३३,९८८ | ७४,८९२ | ८५% |
| | जम्मा | **१०,७६४,३११** | **१,०४६,७५६** | **७७६,८२५** | **१,८२३,५८१** | **४६७,८९३** | **४१५,१७८** | **८८३,०७१** | **७८९,४२९** | **४१३,८७१** | **१,२०३,३००** | **४८%** |

# ८. कोषबाट सम्पन्न भएका विभिन्न क्रियाकलाप

## शहरी पूर्वाधार विकास आयोजनाअन्तर्गत ऋण सम्झौता कार्यक्रम



*बहुउद्देश्यीय भवन तथा आधुनिक वधशाला (फेज-१) आयोजनामा लगानीका लागि कोष र ईश्वरपुर नगरपालिकाबीच सम्पन्न सम्झौता कार्यक्रम*



*बहुउद्देश्यीय भवन आयोजनामा लगानीका लागि कोष र कागेश्वरी-मनोहरा नगरपालिकाबीच सम्पन्न सम्झौता कार्यक्रम*



*बसपार्क आयोजनामा लगानीका लागि कोष र वालिङ नगरपालिकाबीच सम्पन्न सम्झौता कार्यक्रम*



*बहुउद्देश्यीय भवन आयोजनामा लगानीका लागि कोष र खाँडाचक्र नगरपालिकाबीच सम्पन्न सम्झौता कार्यक्रम*



*आधुनिक बहुतले पार्किङ आयोजनामा लगानीका लागि कोष र बुटवल उपहानगरपालिकाबीच सम्पन्न सम्झौता कार्यक्रम*



*बसपार्क आयोजनामा लगानीका लागि कोष र उर्लाबारी नगरपालिकाबीच सम्पन्न सम्झौता कार्यक्रम*

## खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत ऋण सम्झौता कार्यक्रम



दुहबी खानेपानी तथा सरसफाइ आयोजनाको स्तरोन्नतिमा लगानीका कोष र खानेपानी उपभोक्ता संस्थाबीच सम्पन्न सम्झौता कार्यक्रम




रङ्गेली खानेपानी तथा सरसफाइ आयोजनामा लगानी लागि कोष र रङ्गेली नगरपालिकाबीच सम्पन्न सम्झौता कार्यक्रम



उर्लाबारी बृहत् खानेपानी तथा सरसफाइ आयोजाका लागि कोष र उर्लाबारी नगरपालिकाबीच सम्पन्न सम्झौता कार्यक्रम



मुसिकोट-खलङ्गा खानेपानी तथा सरसफाइ, रुकुम (पश्चिम) आयोजनाको स्तरोन्नतिका लागि कोष र उपभोक्ता संस्थाबीच सम्पन्न सम्झौता कार्यक्रम



सुडा टाउन खानेपानी आयोजना स्तरोन्नतिमा लगानीका लागि कोष र खानेपानी उपभोक्ता संस्थाबीच सम्पन्न सम्झौता कार्यक्रम



आदर्श नगर खानेपानी तथा सरसफाइ आयोजना, कञ्चनपुरको स्तरोन्नतिका लागि कोष र उपभोक्ता संस्थाबीच सम्पन्न सम्झौता कार्यक्रम

## कार्यशाला गोष्ठी एवम् क्षमता अभिवृद्धिका कार्यक्रम, २०८१

### लैङ्गिक समानता र समावेशी सार्वजनिक नीतिहरूसम्बन्धी अन्तरक्रिया कार्यक्रम















## सेवाग्राहीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम





*खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूको बिलिङ तथा एकाउन्टिङ प्रणालीलाई समयसापेक्ष प्रविधिमैत्री तथा पारदर्शी बनाउन Billing and Accounting Software तालिम*






*राजस्व सङ्कलन र सेवा वितरण प्रणालीमा ICT को कार्यान्वयनसम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न*

# सेवाग्राहीहरूको क्षमता अभिवृद्धिका कार्यक्रम

*नगरपालिकाको सेवा प्रवाह सूचना प्रविधिमा आधारित ICT-Based Municipal Service Delivery System को ICT-Based Municipal Service Delivery System सञ्चालनका विषयमा धुलिखेल, धरान, धनगढी र हरिवन नगरपालिकामा अभिमुखीकरण तालिम कार्यक्रम*

















# ३६औं वार्षिकोत्सव कार्यक्रम




























नगर विकास कोष


विकास कोष






नगर विकास कोष




नगर विकास कोष
३६औं वार्षिकोत्सव समारोह
२०८० फाल्गुण २ गते बुधवार


नगर विकास कोष




नगर विकास कोष

# शहरी पूर्वाधार तथा खानेपानी अयोजनाहरूको अनुगमन कार्यक्रम




*शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत पाँचखाल खानेपानी तथा सरसफाइ आयोजनाको अनगुमन तथा निरीक्षण भ्रमण*




*शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत डाँची मनोहरा खानेपानी तथा तथा सरसफाइ आयोजनाको अनगुमन तथा निरीक्षण भ्रमण*




*नगर विकास कार्यक्रम (KFW) दोस्रो चरणअन्तर्गत लेखनाथ नगरपालिकामा सन् २०१३ मा निर्माण सम्पन्न भई हालसम्म सञ्चालन भइरहेको सामुदायिक पुस्तालय भवन आयोजनाको प्रभाव मूल्याङ्कन भ्रमण*

नगर विकास कोष
TOWN DEVELOPMENT FUND
नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन नं.: ०१ ४५९३८६६, ४५६४८७४, ४५८४९५७
इमेल: tdf@tdf.org.np
वेबसाइट: www.tdf.org.np